का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक २३
❒ ९ फागुन २०७६, शुक्रबार
❒ 21 February 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## ७० करोड कमिसन काण्ड

# ओलीले गुमाए विश्वास पात्र

- ❒ अपशब्द बोलेका बाँस्कोटालाई कारबाही गर्न कर्मचारीको माग
- ❒ टेप सार्वजनिक गर्ने मिश्रलाई कारवाही गर्न प्रहरीलाई पत्र
- ❒ कांग्रेसद्वारा दुवै सदन अवरूद्ध
- ❒ अर्थमन्त्रीलाई सञ्चार मन्त्रालयको जिम्मेवारी
- ❒ यस्तो छ ८० अर्बको सेक्युरिटी प्रेस प्रकरण



**वीरेन्द्र साह**
काठमाडौं, ८ फागुन

७० करोड कमिसन मागेको अडियो सार्वजनिक भएपछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले पदबाट राजीनामा दिएका छन् । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा कमिसन मागेको अडियो बुधबार राति सार्वजनिक भएको थियो । बिहीबार बिहानैदेखि उक्त टेपको चर्चा चलेको थियो भने प्रतिपक्षी दल नेपाली कांग्रेसले दुवै सदन अवरुद्ध गरेको थियो ।

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्षद्वय प्रधानमन्त्री केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले छलफल गरी मन्त्री बाँस्कोटालाई राजीनामा गर्न निर्देशन दिएका थिए ।

बाँस्कोटा प्रधानमन्त्री ओलीका विश्वास पात्र हुन् । उनी ओलीको निजी निवासमा बस्दै आएका छन् । दिउँसो कञ्चनपुरबाट फर्केलगतै मन्त्री बाँस्कोटाले प्रधानमन्त्री निवास बालुवाटार पुगेर राजीनामा पत्र बुझाएका थिए । त्यसअघि नै सभामुख अग्नि सापकोटाले प्रतिनिधिसभाको बैठकमा मन्त्री बाँस्कोटाको राजीनामा आउने जानकारी दिएका थिए । प्रमुख प्रतिपक्षी कांग्रेसले अडियो प्रकरणको छानविनसहित मन्त्री बाँस्कोटालाई कारवाही गर्न माग गरेको छ ।

यसैबीच, बाँस्कोटाको राजीनामापछि दुई मन्त्रालयमा नेतृत्व खाली भएको छ । गत पुस २५ देखि बाँस्कोटाले सहरी विकास मन्त्रालयको पनि जिम्मेवारी सम्हालेका थिए । उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री ओलीले आफ्ना विश्वासपात्र बाँस्कोटालाई उक्त मन्त्रालयको जिम्मेवारी दिएका थिए । त्यतिबेला खाली भएको कानुन मन्त्रालयमा केही दिनअघि शिवमाया तुम्बाहाङ्फे मन्त्री नियुक्त भइसकेकी छन् ।

**बाँस्कोटालाई कारवाही गर्न कर्मचारीको माग**

सञ्चारमन्त्री बाँस्कोटाले सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रक्रियाका क्रममा भएको सम्वादमा राष्ट्रसेवक कर्मचारीलाई आपत्तिजनक शब्द प्रयोग गर्दै मुखछाडेकोमा नेपाल निजामती कर्मचारी (संघ)ले आपत्ति जनाएको छ । 'निजामती कर्मचारीलाई अश्लिल र उपेक्षा बोधक शब्द सम्बोधन गरिएको अडियो रेकर्डका सम्बन्धमा संघको केन्द्रीय समिति खेद व्यक्त गर्दछ', संघ उपमहासचिव दुर्गाप्रसाद फुँयालद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

मन्त्री पदमा रहेको व्यक्ति भ्रष्टाचारको सेटिङमा संलग्न भएको तथ्य बाहिरिनु तथा भ्रस्टाचार सुरक्षार्थ आम राष्ट्रसेवकलाई अश्लिल शब्द प्रयोग गर्नु दुःखको विषय भएको विज्ञप्तिमा उल्लेख छ । 'प्रधानमन्त्री ओलीका विश्वासपात्र नेपाल सरकारको प्रवक्ताको जिम्मेवारी लिएका व्यक्तिबाट बोलिएको यस्तो अश्लिल शब्दले आम राष्ट्रसेवकको मान मर्दन गरेको छ', विज्ञप्तिमा भनिएको छ, 'यो कारवाही योग्य अपराध हो ।'

मन्त्री बाँस्कोटामाथि कारवाही नभए नेपाल सरकारको भ्रस्टाचार नियन्त्रण र सुशासन नारामा मात्र सीमित हुने विज्ञप्तिमा उल्लेख छ । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रक्रियाका क्रममा मन्त्री बाँस्कोटाले ७० करोड रूपैयाँ कमिसन मागेको अडियो आज सार्वजनिक भएको थियो । सो अडियोको एउटा प्रसंगमा उनले राष्ट्रसेवक कर्मचारीलाई अश्लिल शब्द प्रयोग गरेका छन् ।

**टेप सार्वजनिक गर्ने मिश्रलाई कारबाही गर्न प्रहरीलाई पत्र**

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले बाँस्कोटासँग कमिसनको कुराकानी गर्ने विजय प्रकाश मिश्रलाई कारबाही गर्न प्रहरीलाई पत्राचार गरेको छ । तर उनलाई अडिओ टेप सार्वजनिक गरेकोमा नभई लेखा समितिका सांसदको चरित्र हत्या गर्ने गरी टीकाटिप्पणी गरेकोमा समितिले कारबाही गर्न पत्राचार गरेको हो । बाँस्कोटासँगको अडिओ बाहिर नल्याएको भए लेखा समितिबाट जर्मन कम्पनीलाई ठेक्का दिने सहमति हुन लागेको मिश्रले प्रतिक्रिया दिएका छन् । नोट, पासपोर्ट र राजस्व स्टिकरलगायतका महत्वपूर्ण कागजपत्र छपाइका लागि आवश्यक सेक्युरिटी प्रेस खरिद गर्ने विषयमा सार्वजनिक लेखा समितिले छानबिन गरिरहेको थियो । सरकारले जर्मनी, फ्रान्स र स्वीस कम्पनीसँग सेक्युरिटी प्रेस खरिदबारे छलफल गरे पनि अन्तिममा जर्मनी र फ्रान्सबारे प्रस्ताव अगाडि बढाउने तयारी गरेको थियो ।

तर मिश्रले लेखा समितिले जर्मनीको कम्पनीलाई ठेक्का दिनेगरी समितिका सदस्यहरूले सेटिङ गरेको दाबी गरेका थिए । मिश्रले भनेका छन्, 'आज हामीले यो अडिओ बाहिर नल्याएको भए आजै लेखा समितिबाट जर्मन कम्पनीलाई ठेक्का दिने सहमति हुँदै थियो । लेखा समितिका मान्छेहरूले पनि कमिसन खाने गरी सेटिङ गरिसकेका थिए । त्यसकारण हामीले उक्त अडिओ बाहिर ल्याएर भ्रष्टाचार हुनबाट रोक्न खोजेका हौं ।'

मिश्रले गरेको टिप्पणीबारे लेखा समितिका सांसदहरूले आपत्ति जनाएका थिए । कांग्रेस सांसद मिनेन्द्र रिजाल, नेकपाका सूर्य पाठक र समाजवादी पार्टीका मोहम्मद इश्तियाक राईले मिश्रलाई कारबाहीको माग गरेका थिए । मिश्र सेक्युरिटी प्रेस खरिदका लागि स्वीस कम्पनीका एजेन्ट समेत हुन् । मिश्रलाई यसअघि लेखा समितिले नै सेक्युरिटी प्रेसको विषयमा विज्ञका रूपमा डाकेर छलफल गरेको थियो । त्यस्तै, लेखा समितिले फेसबुकमा सांसदहरूको फोटोसहित ४ अर्ब खान लागेको टिप्पणी गरेका प्रभात किशोर उपाध्यायलाई पनि कारबाहीको लागि प्रहरीलाई पत्राचार गरेको छ ।

**कांग्रेसद्वारा दुवै सदन अवरुद्ध**

प्रमुख प्रतिपक्षी दल नेपाल कांग्रेसले बाँस्कोटालाई कारवाहीको माग गर्दै संघीय संसदको दुबै सदन अवरुद्ध गरेको छ । कांग्रेसको अवरोधपछि प्रतिनिधिसभा बैठक फागुन १३ गते सम्मका बाँकी पृष्ठ २ मा

## भ्रष्टलाई छुट छैन : ओली



**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रष्टाचार गर्ने छुट नभएको दाबी गरेका छन् । प्रधानमन्त्री ओलीले स्वच्छता र पारदर्शीताको सम्बन्धमा अलिकति मात्रै पनि प्रश्न उठेमा कसैको अनुहार पनि नहेर्ने बताए । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले लेखेको पुस्तक 'मुलुक आर्थिक समृद्धिको यात्रामा' विमोचन कार्यक्रममा प्रधानमन्त्री ओलीले सुशासनका लागि चाल्ने कदममा आफु नहिचकिचाउने बताए । जनप्रतिनिधिलाई रुलिङ पोजिसनमा पु¥याउनुको अर्थ लुटका लागि नभएको उल्लेख गर्दै ओलीले भने, 'हामी यस्तो प्रणाली भित्र छौं की कहाँ कसरी शासक शासनमा गयो । जनप्रतिनिधिलाई पु¥यायो भने रुलिङ पोजिसनमा पु'याउनुको अर्थ लुटिङ फ्यासलिटी दिएको होइन् ।'

ओलीले अहिले विकासका लागि उपयुक्त वातावरण भएकाले लुटको सुविधा नहुने बताए । प्रधानमन्त्री ओलीले यही चालले अघि बढ्यो भने प्रधानमन्त्री पद धरापमा पर्ला भनेर धेरैले भन्ने गरेको उल्लेख गर्दै भने, 'मलाई त्यसको चिन्ता छैन । प्रधानमन्त्री पद धरापमा पर्छ पर्दैन भन्ने होइन, एउटा सिस्टम बसाउने हो । हजार वर्ष कसैले पनि रुल गर्दैन । जतिसुकै सफल भएपनि प्रकृतिले धेरै लामो समय रुल गर्न दिँदैन, मान्दैन् ।'

## काण्डले पद गुमाएकाहरू

**केशर धामी/मध्यान्ह**
काठमाडौं/८ फागुन

विभिन्न चर्चित काण्डमा मुछिएका करिब एक दर्जन व्यक्तिहरूले पद गुमाएका छन् । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वकै सरकारबाट दुई जना मन्त्री विवादमा परेर राजीनामा दिनु परेको छ । कानून मन्त्री शेरबहादुर तामाङले यसअघि राजीनामा दिएका थिए भने अहिले सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले राजीनामा दिनु परेको छ । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरणमा कमिसनको 'डिल' गरेको अडियो सार्वजनिक भएपछि उनले पदबाट राजीनामा दिएका हुन् । नैतिकका आधारमा भन्दै उनी आफ्नो पद छाड्न बाध्य भए ।

मन्त्री बाँस्कोटा र स्वीट्जरल्याण्डको कम्पनी केबीए नोटासिसका नेपाली एजेन्ट विजयप्रकाश मिश्रबीच लेनदेनसम्बन्धी संवादको अडियो बाहिरिएको थियो । अडियो बाहिरिएसँगै प्रतिपक्षी दल नेपाली कांग्रेसले बिहीबार संसद बैठक नै अबरुद्ध गरेको थियो ।

**महरालाई यौनकाण्डको अभियोग महागो**

संसद सचिवालयमा कार्यरत महिला कर्मचारीमाथि यौन दुर्व्यवहार प्रयासको आरोप लागेपछि तत्कालीन सभामुख कृष्णबहादुर महराले २०७६ असोज १४ गते राजीनामा दिएका थिए । उनले आफ्नो चरित्रमा गम्भीर प्रश्न उठाइ आरोप लगाइएको भन्दै नैतिकताका आधारमा अनुसन्धान नसकिदाँ सम्म्मका लागि भन्दै राजीनामा दिए । त्यहि प्रकरणका उनी तीन महिना जेल समेत बसे । यद्यपि हालै उनी जिल्ला अदालत काठमाडौंबाट सफाइ पाएका छन् । उनले अदालतबाट आफूले न्याय पाएको टिप्पणी गरेका छन् ।

**रोपाईमा रमाउँदा पराजुलीलाई बित्यास**

तत्कालीन कृषिमन्त्री हरिप्रसाद पराजुली पनि नैतिकतामा आधारमा राजीनामा दिनेको सूचीमा अटाए । २०७२ असारमा रोपाई बाँकी पृष्ठ २ मा

## कामदार छनोटमा सहजीकरणका लागि

# कार्यदल बनाउन जापानको प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन

कामदार लैजाने प्रक्रिया सहजीकरणका लागि जापानले सह-सचिवस्तरीय संयुक्त कार्यदल गठनको अवधारणा अघि सारेको छ ।

२ देशबीच गठन हुने संयुक्त कार्यदलले परीक्षार्थीको सख्या र परीक्षामा सहभागी गराउने विधिबारे छलफल गर्ने श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव दीपक ढकालले जानकारी दिए ।

जापानले आवेदकहरूलाई गोलाप्रथाबाट छानेर भाषा परीक्षामा सहभागी गराउने प्रणाली अपनाएको छ । तर गोला प्रथा प्रणालीमा मन्त्रालयको असहमति रहेको छ । गोलाप्रथा प्रणालीबाट योग्य व्यक्ति बाहिरिने र अयोग्य छानिने भएकाले परीक्षामा सबै आवेदकलाई सहभागी गराइनुपर्ने नेपाली पक्षको मत छ । त्यसमा जापानी पक्ष लचिलो बनेको बताइन्छ ।

नेपाल र जापान सरकारबीच गत वर्ष नै नेपाली कामदार लैजाने समझदारी भए पनि हालसम्म सुरु हुन सकेको छैन । जापानले समझदारी अनुसार शुरुमा नर्सिंङ केयर कामदार लैजाने बताएको थियो । तर पछिल्ला दिनमा खुला रहेका अन्य १३ वटा क्षेत्रमा पनि नेपाली कामदार लैजान चाहेको छ । यहीबीच जापानले यसबारे छलफल गर्न संयुक्त कार्यदलको अवधारणा अघि सारेको हो ।

स्रोतका अनुसार, यही विषयमा छलफल गर्न जापानले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर यादवलाई जापान भ्रमणको निम्तो दिएको छ ।

सुरक्षित गन्तव्यसँगै आकर्षक तलब भएकाले जापानको रोजगारीमा अत्यधिक आकर्षण छ । गत वर्ष नर्सिङ केअरगिभरको रोजगारीमा जान करिब १३ हजारले आवेदन दिएका थिए । त्यसमध्ये गोलाप्रथाबाट छनौट गर्दा १ हजार जना परीक्षाका लागि छानिएका थिए । तर भाषा परिक्षा उत्तीर्ण गर्नेहरूको संख्या अत्यन्त न्यून रहेको छ ।

रोजगारीका लागि जापान जान चाहनेहरूका लागि जापान फाउन्डेशनले वर्षभरि नै परिक्षा सञ्चालन गर्ने बताएको छ । गत जनवरीमा एक हजार जनाको परीक्षा लिएको फाउण्डेनले आगामी मार्चमा १ हजार ३ सय जनाको परीक्षा लिन तालिका समेत सार्वजनिक गरिसकेको छ ।

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा पनि शिवरात्रि माग प्रमाणीकरण नहुने

**काठमाडौं/मस–** मलेसियास्थित नेपाली नियोगले शुक्रबार मागपत्र प्रमाणीकरण कार्य नगर्ने भएका छन् । शिवरात्रिको अवसरमा सरकारले शुक्रबार सार्वजनिक बिदा दिएपछि त्यहाँस्थित नियोगहरूबाट प्रवाह हुने माग प्रमाणीकरणलगायतका कार्य १ दिन नहुने भएको हो ।

मलेसियाको क्वालालम्पुरस्थित नेपाली दूतावासले बिहीबार एक विज्ञप्ति जारी गर्दै फेब्रुअरी २१ तारिखका दिन दूतावासबाट प्रवाह हुने माग प्रमाणीकरणसहित सबै प्रकारका कन्सुलर सेवा बन्द रहने जनाएको छ ।

'फेब्रुअरी २१ अर्थात् शुक्रबारका दिन महाशिवरात्रि बिदा परेकाले दूतावासबाट प्रवाह हुने माग प्रमाणीकरणलगायतका सबै काम बन्द हुने जानकारी गराइन्छ,' दूतावासद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

## एमसीसी कार्यदलले आज प्रतिवेदन बुझाउँदै



**काठमाडौं/मस–** मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का विषयमा अध्ययन गर्न बनेको कार्यदलले शुक्रबार (आज) अन्तिम प्रतिवेदन बुझाउने भएको छ । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय समिति बैठकले गठन गरेको कार्यदलले शुक्रबार एमसीसीको प्रतिवेदन बुझाउने भएको हो ।

कार्यदलका सदस्य भीम रावलले अध्ययन अन्तिम चरणमा पुगेको र प्रतिवेदन बुझाउने विषयमा छलफल भइरहेको बताए । बिहीबारको बैठकमा प्रतिवेदन अगाडि बढाउने विषयमा छलफल भएको बताउँदै रावलले भने, 'बैठकबाट अन्तिम रूप दिने निर्णय भएको छ । अन्तिम रूप दिएर बुझाउने प्रक्रियामा छौं । शुक्रबारसम्म प्रक्रिया पूरा हुन्छ होला ।'

एमसीसीका विषयमा सत्तारुढ दलभित्र चर्को विरोध भएपछि केन्द्रीय समिति बैठकले अध्ययन कार्यदल गठन गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार गठन भएको कार्यदलले एमसीसीका विषयमा अध्ययन गरिहको छ । कार्यदलमा रावलसँगै परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली र झलनाथ खनाल सदस्य रहेका छन् । यसअघि बुधबार परराष्ट्रमन्त्री ज्ञवालीले कार्यदलले सुझाव सहितको प्रतिवेदन पेश गर्ने तर संसदबाट पारित गर्ने नगर्ने भन्ने विषयमा कुनै निर्णय नगर्ने बताएका थिए ।

तु-आवश्यकता

यस प्रतिष्ठित मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएकोले दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र र बायोडाटाका साथ सम्पर्क गर्नुहोला ।

Manager - 1 Male/Female
Accountant - 2 Female

तलब आपसी समझदारीमा

कम्प्युटरमा दक्ष र सम्बन्धित क्षेत्रमा कम्तीमा २ बर्षको अनुभव हुनुपर्नेछ ।

फोन: ४३८७४५७, ९८०१०३९४४६

तु-आवश्यकता

यस प्रतिष्ठित म्यानपावर कार्यालयका लागि निम्न कर्मचारी चाहिएकोले योग्य र ईमान्दार व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

Office Manager : 1 Male/ 1 Female
Computer Operator : 2 Female

कम्पनीको नियम अनुसार तलब आपसी समझदारीमा

अंग्रेजी राम्रो बोल्न र लेख्न सक्ने, कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भई नेपाली/अंग्रेजी टाइप गर्न सक्ने र म्यानपावर क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव हुनुपर्नेछ ।

K L Employment Service (P) Ltd.

# बागमतीमा बग्न थाल्यो प्रशोधित पानी

राजेश्वरी कार्की/मध्यान्ह
८ गते, फागुन, काठमाडौं



काठमाडौं उपत्यका फोहोर पानी व्यवस्थापन आयोजना कार्यान्वयन निर्देशनालयले अस्थायी रूपमा गुह्येश्वरीस्थित ढलको पानी प्रशोधन केन्द्रबाट प्रशोधित पानी बागमतीमा बगाउने काम सुरु गरेको छ ।

आयोजनाको रिक्वाइरमेन्ट अनुसार, गुह्येश्वरी प्रशोधन पूर्ण रूपमा निमार्ण भइसकेको छ । तर यो प्लान्टलाई चाहिने १ वाट क्षमताको बिजुली त्यहीबाट उत्पादन हुन्छ । ग्यास पनि उत्पादन हुन्छ र ग्यास इन्जिनले बिजुलीको रूपमा परिणत गर्छ । त्यही बिजुली त्यहाँ सर्कुलेट गरेपछि गुह्येश्वरी प्रशोधन केन्द्र पूर्ण रूपमा सञ्चालन गरिने काठमाडौं उपत्यका फोहोर पानी व्यवस्थापन आयोजना कार्यान्वयन निर्देशनालयका इन्जिनियर किशोर पन्थीले मध्यान्हलाई जानकारी दिए । त्यसका लागि अझै एक महिना जति समय लाग्ने छ ।

यो आयोजना बागमती सभ्यताको पुरानो योजना हो । त्यसमा १ करोड ६२ लाख लिटर प्रतिदिन प्रशोधन गर्ने क्षमताको प्रशोधन केन्द्र थियो । त्यसले अब बाहिरबाट ढल धेरै आएपछि काम गर्न छोडेको र त्यसलाई पनि सुधार गर्ने र अर्का थप १ करोड ६२ लाख लिटरको प्रतिदिन क्षमताको प्रशोधन केन्द्र निर्माण गर्न लक्ष्य आयोजनाको थियो ।

योसँगै गुह्येश्वरीमा १ करोड ६२ लाख लिटर क्षमताको दुइटा प्रशोधन केन्द्र छन् । दुवै केन्द्र पूर्ण रूपमा सञ्चालनमा आएपछि नदीमा ३ सय ७५ लिटर प्रतिसेकेन्ड पानी बागमतीमा बग्नेछ ।

गोकर्णेश्वरको ब्यारेजदेखि तल र गौशालादेखि माथिका क्षेत्रमा बग्ने ढललाई गुह्येश्वरीमा ल्याएर ट्रिटमेन्ट गर्ने र त्यसपछि बागमतीमा छाड्ने योजनाअनुरूप प्रशोधन केन्द्र निर्माण भएको हो । यसले नदीको बहाव र वातावरणीय स्वच्छता कायम गर्ने ठानिएको छ ।

निर्देशनालयका इन्जिनियर पन्थी भन्छन्- बागमतीमा बग्ने पानी कम भएको र ढल बग्ने क्रम तीव्र रूपमा वृद्धि भएका कारण ढललाई ३ स्टेप अगाडि ल्याएर ढल प्रशोधन गरिनेछ ।

पहिले प्रशोधन गरेको पानी गुह्येश्वरी ट्रिटमेन्ट टनेलबाट बाइपास गरेर तिलगंगामा बगाइएको थियो भने अहिले प्रशोधन गरेको पानी बागमती नदीमा खसालिएको हो ।

प्रशोधन केन्द्र साढे दुई वर्षमा निर्माण सम्पर्ण गर्ने लक्ष्यसहित ठेक्का पाएको इण्डियन कम्पर्नी भिएटेक आबकले २०७३ साउनबाट काम थालेको हो । तर ढिलासुस्तीका कारण समयमै काम नसकिएपछि डेढ वर्ष म्याद थपिएको थियो ।

अहिले बाग्मती सभ्यता एकीकृत विकास समितिले विष्णुमती, धोवीखोला, बल्खु र नख्खुमा प्रशोधन केन्द्र निर्माण गरिरहेको छ भने भक्तपुरको खस्याङखुसुङ खोला, हनुमन्ते खोला, मनोहरा खोलामा प्रशोधन केन्द्र निर्माण गरिरहेको छ ।

गुह्येश्वरीमा जस्तै भक्तपुर नगरपालीकाको र सुर्यविनायक नगरपालीकाको केही ढल १ करोड ४० लाख लिटर ढल प्रशोधन गरेर हनुमन्ते खोलामा छोडिनेछ । जसले गर्दा खोलाको बहाव कायम हुनेछ ।

त्यहाँ बाट सङ्कलन हुन नसकेको ढल मनोहरासहित बालकुमारीमा १ करोड ७५ लाख लिटर प्रतिदिन क्षमताको ढल प्रशोधन हुनेछ । त्यहाँबाट पनि प्रशोधन गर्न नसकेको ढल धोबीघाटमा जान्छ र ३ करोड ७० लाख का दुई ओटा ट्रिटमेन्ट प्लान्ट रेहेको छ । त्यहाँ प्रशोधन हुनेछ । गुह्येश्वरीबाहेक अन्य ठाउँमा प्रशोधन केन्द्र निर्माण भइरहेको इन्जिनियर पन्थीले मध्यान्हसँग बताए ।

गोठाटार, जोरपाटी, चावहील, मित्रपार्क, गौरीघाट र गौशालाका ढल नदीका दुई किनारा भएर बग्दै आएर 'इनलेट' जम्मा हुन्छ । त्यसपछि पानी 'ग्रिट च्याम्बर' मा जान्छ । च्याम्बरले पानीमा भएको प्लास्टिक, बोरा, र ठूला ठोस वस्तु छान्छ । त्यसपछि बल्ल पानीको थिग्रिने प्रक्रिया सुरू हुन्छ ।

यसका लागि 'सेडीमेन्टेसन' ट्यांकीको व्यवस्था गरिएको छ । सेडीमेन्टेसनमा तीन वटा ट्यांकी निर्माण गरिएको छ । पहिलो एरेसन ट्यांकीमा भएका जीवाणुलाई अक्सिजन दिएर जीवित राखिन्छ । ती जीवाणुले पानीमा रहेको फोहोरको लेदो खाएर एकै ठाउँ जम्मा पार्छन् जसले गर्दा पानीको कालो पनि घट्छ ।

त्यसपछि पहिलो ट्यांकीबाट पानी दोस्रोमा खस्छ । यसमा मसिनो, हिलो माटो थिग्रिन्छ । त्यसपछि पानी तेस्रो ट्यांकीमा जान्छ जहाँ आइपुग्दा पानी सफा भइसकेको हुन्छ । सेडीमेन्टेसन ट्यांकीको प्रक्रिया सकिएपछि पानी 'डिस्क फिल्टर'मा जान्छ । डिक्स फिल्टरबाट पानी क्लोरिनाइजेनको लागि क्लोरिन ट्यांकीमा जान्छ । जहाँ टर्चरी प्रणालीबाट पानीको शुद्धीकरण गर्न क्लोरिन प्रयोग गरिन्छ । नुनबाट क्लोरिन बनाउने प्रणाली प्रशोधन केन्द्रभित्रै छ । क्लोरिनाइजेनले पानीमा भएको हानिकारक किटाणुहरूलाई नाश गर्छ । क्लोरिन हालेपछि पानी आधा घन्टासम्म त्यति कै बस्छ । त्यसपछि मात्र बल्ल प्रशोधित पानी बागमतीमा खस्छ ।

प्रशोधन केन्द्र निर्माण गर्नका लागि अधिकार सम्पन्न बागमतीले ७० रोपनी जग्गा दिएको हो । २ अर्ब ५५ करोड रूपैयाँ लागतमा बनिरहेको केन्द्र यो प्रशोधन केन्द्र जसले डिजाइन गरेको हो उसले बनाउने र १० वर्ष सम्म सोही कम्पनीले सञ्चालन गर्न पाउने छ ।

इन्जिनियर किशोर पन्थिका अनुसार प्रशोधन केन्द्रबाट निस्किने पानी पूर्ण रूपमा खान, नुहाउन भने मिल्ने छैन । तर जलचर माछा, भ्यागुता भने त्यहाँ खेल्न पाउँनेछन ।

प्रशोधन केन्द्रबाट ग्यास, बिजुली र प्रतिदिन ७ टन मल निस्कने छ ।

सर्वसाधारण जनताले लुकाएर सेप्टी ट्याङकीको ढल मिसाउने गरेको र सर्वसाधारण जनतालाई त्यहाँ नछोडन आग्रह गरेका छन् । पशुपतिमा दर्शन गर्न आउने भक्तजनहरलाई जथाभावी रूपमा फुलपाती नफ्याक्न आग्रह गरेका छन् । यो एउटा नमूनाको रूपमा बनेको छ । यसलाई आफुहरूले गर्वको रूपमा लिएको बताए ।

# विमानस्थलमा २ वटा परी रोबोट



**काठमाडौं/मस-** सरकारले भम्रण वर्ष २०२० लाई लक्षित गर्दै बिहीबारबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रोबोट सेवा सुरु गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बिहीबार त्रिभुवन विमानस्थलमा आयोजित एक कार्यक्रममा रोबोट सँग अभिवादन गरी रोर्बट सेवा शुभारम्भ गरेका हुन् ।

विमानस्थलमा राखिएका दुई रोवर्टले पर्यटकलाई नेपालबारे बताउनेछन् । रोबोट सेवा उद्घाटन गर्दै मन्त्री भट्टराईले विमानस्थल प्रविधिमैत्री र आधुनिक बन्दै गएको बताए । सेवा सुविधाका दृष्टिकोणबाट विमानस्थलको सेवा सहयोगी बनेको भन्दै यी रोबोट परीक्षणका रूपमा राखिएको जानकारी दिए ।

यसले यात्रुहरूलाई सेवा दिन उपयुक्त ठानेमा अन्य विमानस्थलमा पनि यसलाई स्थापित गर्न सकिने उनको भनाइ छ । विमानस्थलमा दुई-तीन घण्टा बिताउँदा हुने 'मोनोटोनस' हटाउन र विमानस्थलमा यात्रुलाई भूल्ने वातावरण बनाउन समेत प्रविधि सहयोगी हुने उनको भनाइ छ । रोबोट जडानपछि विमानस्थलको सेवामा समेत भिन्न पहिचान थपिने उनको विश्वास छ ।

विदेशबाट आउने पर्यटकहरूलाई हाम्रो प्रविधिको विकासको बारेमा उहाँहरूलाई पनी महसुस हुने उनले विश्वास लिएका छन् । उनले भने, 'नेपाल प्रविधिको हिसाबले फड्को मार्दै छ भन्ने अनुभूति यो अभियानबाट हुनेछ । त्यसले नेपाल भ्रमण वर्ष २०२० लाई थप सहयोग पुग्ने अपेक्षा गरेका छौं ।'

यी दुई पर्यटन परी रोबोटले नेपालमा आउने पर्यटकहरूलाई नेपालको बारेमा सहज ढंगले जानकारी गराउने छन् । रोबोटले यात्रुलाई अभिवादन गर्नेछन् । साथै यहाँ सेट गरिएअनुसारका सूचना टच स्क्रिनमार्फत उपलब्ध गराउनेछन् । सहज ढंगले सहयोग गर्ने गरी यसले पर्यटकीय ट्रेकिङ, होटल, नेपाली समाजको बारेमा जानकारी गराउने, नेपालको इतिहासको बारेमा जानकारी दिने र नेपालको सामाजिक संस्कारको बारेमा जानकारी दिन सक्नेछन् । साथै नेपाली, अंग्रेजी र चिनियाँ भाषामा सूचना प्रवाह गर्नेछन् ।

प्रतिरोबोट २२ लाख लगानीमा नेपाली बायोटेक्नोलोजीबाट नेपालमै निर्माण गरिएको हो । यो रोबोट बनाउन मन्त्रालय, नेपाल भ्रमण वर्ष सचिवालय, नेपाल पर्यटन बोर्ड र नेपाल नागरिक उड्डयन प्राधिकरणको संयुक्त प्रयासमा त्रिभुवन विमानस्थलको आगमन र प्रस्थान कक्षमा रोबोट सञ्चालनमा आएको इन्जिनियर आयुश कसजुले जानकारी गराए । यी रोबोटको नाम पर्यटन परी राखिएको कसजुले बताए ।

# नौ पक्की पुलको निर्माणमा रोक

**खाादबारी/रासस-** जोगवनी-किमाथाङ्का सडकखण्डको खाँदबारी-किमाथाङ्काअन्तर्गत नौ पक्की पुलको निर्माण रोकिएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) नगरी आयोजनाको निर्माण प्रक्रिया शुरु गर्दा निर्माण अवरुद्ध भएको हो । सो सडकअन्तर्गत नौ पुल निर्माणको ठेक्का लागेर निर्माण भइरहेको उत्तरदक्षिण कोशी सडक योजनाका प्रमुख गौतमकुमार श्रेष्ठले जानकारी दिए ।

संखुवासभामा पुल निर्माणका लागि आवश्यक कच्चा पदार्थ गिट्टी उत्पादनमा सो क्षेत्रमा क्रसर राख्न इआईए नगर्दा योजना अलपत्र हुने अवस्थामा रहेको छ । पुल निर्माणका लागि सडक योजना कार्यालयले निर्माण कम्पनीलाई गत असोज दोस्रो साता जिम्मेवारी दिएको थियो । आवश्यक कच्च पदार्थ गिट्टी, बालुवा सोही क्षेत्रको ठाडो खोलाबाट उत्खनन गरी अयोजनाको काम सञ्चालन गर्नेगरी डिजाइन उल्लेख गरिएको रौताह-एसएएस जेभीका निर्देशक सन्तोष राईले बताए ।

सडक अयोजनाले इआईए नै नगरी सडक बोलपत्र आह्वान गरी ठेक्का लगाएको निर्देशक राईले जानकारी दिए । पुल निर्माणको पूर्वाधार तयार भइसकेको छ । आयोजनाको लापरवाहीका कारण काम गर्न अवरोध सिर्जना भएको राईको भनाइ छ । पक्की पुल निर्माण गर्न आवश्यक कच्चा पदार्थ उत्खनन गर्न नपाउँदा आयोजनाको काम प्रभावित भएको उनको भनाइ छ ।

सो सडकअन्तर्गत फ्याक्रेखोला, नाङ्खोला, चाङ्खोला, जोरखोलामा पुल निर्माणका जिम्मेवारी स्काइ-कार्की बन्धु जेभीले संयुक्तरूपमा काम गरिरहेको छ । रु १५ करोड लागतमा यी चार पुल निर्माणको जिम्मेवारी दिइएको छ । त्यसैगरी उवा, उहाङ् र एकुवाखोला रौताह-एसएएस जेभीले रु १२ करोड लागतमा निर्माणको जिम्मा पाएको छ । सोही खण्डको ठाडोखोला र उवाङ्खोलामा पक्की पुल निर्माणको जिम्मेवारी रौताह कन्ट्रक्शन प्रालिले पाएको छ । सो दुई पुल रु १५ करोड ७० लाखमा निर्माण गर्नुपर्ने छ ।

उक्त नौ पुल खाँदबारीबाट ४८ किलोमिटरदेखि ७५ किलोमिटर क्षेत्रमा पुल निर्माणको काम भइरहेको छ । साथै यस सडकखण्डमा १८ पक्की पुल निर्माण गर्नुपर्ने छ । हाल नुमको फक्सीन्दा अरुण नदीमा मात्र पक्की पुल निर्माण सम्पन्न भएको छ भने नौ पुलको सर्भे सम्पन्न गरी निर्माण क्रममा रहेका छन् ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियामावली २०५२, नियम १७ वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्नसक्ने गरी ढुङ्गा, माटो बालुवा वा खानी खन्न तथा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन, मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी वा पानीको स्रोतमा कुनै हानिकारक विषादी वा विष्फोटक पदार्थ पयोग गर्न निषेधित कार्यका रूपमा रहेको उल्लेख गरिएको छ । राष्ट्रिय निकुञ्ज नियमावली २०३६, नियम ३० बमोजिम निकुञ्ज क्षेत्रमा कुनै पनि निर्माणकार्य गर्न नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

# पर्वतमा मानसिक रोगको उपचार सेवा शुरु

**पर्वत/रासस-** जिल्ला अस्पताल पर्वतमा मानसिक रोगको उपचार सेवा शुरुआत भएको छ । गण्डकी मेडिकल कलेज पोखरा र पर्वत जिल्ला अस्पतालबीच सो सेवा सञ्चालन सम्बन्धी द्विपक्षीय सम्झौता भएको थियो । मानसिक रोगको विशेषज्ञ सेवासहितको उपचार सेवा बुधबारदेखि शुरु गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष गोविन्द पहाडीले जानकारी दिए ।

प्रजातन्त्र दिवसको अवसरमा जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डन्ट डा. शिशिर देवकोटा, अस्पतालका अध्यक्ष पहाडी, कलेजका प्राचार्य प्राडा रवीन्द्रप्रसाद श्रेष्ठ र प्राडा टुमाया घलेले सो सम्झौतामा हस्ताक्षर गरेका थिए ।

सम्झौता अनुसार जिल्ला अस्पतालमा सो रोग उपचार गर्न सो कलेजको तर्फबाट एक जना विशेषज्ञ प्रत्येक महिनाको १० गते, २० गते र महिनाको अन्तिम दिन आउनेछन् । दर्ता शुल्कका लागि रु २० शुल्क राखिएको छ ।

जिल्लामा मानसिक रोगका बिरामी बढ्दै जान थालेपछि अस्तालले सेवा विस्तार गरेको अध्यक्ष पहाडीले जानकारी दिए । कलेजका प्राचार्य प्राडा श्रेष्ठले ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न प्राथमिता दिएको जानकारी दिए । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख भोजराज गौतमले मानसिक रोग एक पटक उपचार गरेर मात्र निको नहुने रोग भएका कारण निरन्तर स्वास्थ्य परीक्षण गर्नुपर्ने बताए ।

## ७० करोड...

लागि स्थगित भएको छ । त्यसअघि राष्ट्रियसभाको बैठक एक साताका लागि स्थगित भएको थियो ।

बिहीबार बसेको बैठकमा कांग्रेसले सेक्युरिटी प्रिन्टिङ प्रेस प्रकरणमा मुछिएका बाँस्कोटामाथि कारबाहीको माग गर्दै संसद अवरूद्ध गरेको थियो । बैठकमा कांग्रेसले तीन माग पूरा नभएसम्म संसद चल्न नदिने बताएको थियो । कांग्रेसले बाँस्कोटाको बर्खास्तगी, मन्त्रीमण्डलले यो प्रकरणको जिम्मा लिने र यो प्रकरण भ्रष्टाचारसँग जोडिएको विषय भन्दै सञ्चार मन्त्रीलाई कानुनी दायरका ल्याउन माग गरेको छ ।

**अर्थमन्त्रीलाई सञ्चार मन्त्रालयको जिम्मेवारी**

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी अर्थमन्त्री डा युवराज खतिवडालाई सम्हाल्ने गरी तोकेकी छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले डा खतिवडालाई कार्यभार तोकेकी हुन् ।

यस्तै बाँस्कोटाले सम्हाल्दै आएका शहरी विकास मन्त्रालयको जिम्मेवारी भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री वसन्तकुमार नेम्वाङले सम्हाल्ने गरी राष्ट्रपति भण्डारीले तोकेको राष्ट्रपति कार्यालयका प्रवक्ता हरिप्रसाद दहालले विज्ञप्तिमार्फत जानकारी दिएका हुन् ।

**सेक्युरिटी प्रेस प्रकरण के हो ?**

तीन वर्षअघि सेक्युरिटी प्रेस राख्ने औपचारिक प्रक्रिया सुरू भए पनि यो प्रक्रिया विवादित बन्दै आएको छ । बेलाबेलामा भएका विरोधाभाषपूर्ण निर्णयले विभिन्न शंकाहरू जन्माएका छन् । बैंक नोट, पासपोर्ट, स्मार्ट कार्डलगायतका कुरा नेपालमै छाप्नका लागि एउटा सेक्युरिटी प्रेस नेपालमै जडान गर्ने कुरा धेरै पहिलादेखि नै उठेको हो । मन्त्रिपरिषदबाट विभिन्न समयमा प्रेस स्थापना गर्ने निर्णय भए पनि काम अघि बढेको थिएन ।

सरकार परिवर्तन भइरहने हुनाले हरेक सरकारले आफूअनुकूल प्रेस स्थापना गर्ने निर्णय गर्दै आएका थिए । २०७३ सालमा पहिलो पटक सरकारले प्रेस राख्ने सम्बन्धमा औपचारिक अध्ययन गरेको थियो । त्यतिबेला राष्ट्रिय योजना आयोगका उपाध्यक्ष रहेका हालका अर्थमन्त्री युवराज खतिवडाले प्रेस स्थापना, ढाँचा, लगानी तथा छनौटका विभिन्न आधारसहितको सुझाव प्रतिवेदन दिएका थिए । त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली नै थिए । खतिवडाको उक्त प्रतिवेदनमा सरकारले नीतिगत निर्णय गर्नुपर्ने सिफारिस गरिएको थियो ।

पछि उक्त आयोजना लगानी बोर्डमार्फत् नै अघि बढाउने तय भयो । प्रेस स्थापना तथा सञ्चालनका लागि भन्दै २०७३ सालमै सुरक्षण मुद्रण विकास समिति पनि गठन भयो । लगानी बोर्डले खुला प्रतिस्पर्धाबाट प्रेस प्लान्ट बनाउने तय गर्‍यो । एक स्वीस कम्पनीले बुट मोडलमा आफूले प्रेस जडान गरेर सञ्चालन गर्ने प्रस्ताव पनि बोर्डमा पठायो । त्यहीबीचमा ओली सरकार ढल्यो । तत्कालीन नेकपा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बनेका थिए । त्यसपछि प्रेस स्थापनाको प्रक्रिया खासै अघि बढेन । २०७४ फागुन ३ मा ओली फेरि प्रधानमन्त्री बने । ओलीको नेतृत्वमा सरकार गठन भएपछि फेरि प्रिन्टिङ प्रेस स्थापना गर्ने निर्णय भयो । खुला प्रतिस्पर्धा नभई सरकार-सरकार(जी टु जी) प्रक्रियाबाट प्रेस खरिद गर्ने निर्णय भयो । त्यसका लागि विभिन्न आयसपत्र पनि जारी भए । तर त्यो आसयपत्र खुल थिएन, सीमितमात्र थियो । जर्मन र फ्रान्स सरकारले प्रेस स्थापनाका लागि आवेदन दिए । सञ्चार मन्त्रालयनिकट स्रोतहरूका अनुसार सरकारले प्रस्ताव आह्वान गर्नुभन्दा पनि स्थानीय एजेन्टको पहलमा नै प्रस्ताव आए ।

यसैबीच २०७५ मा फागुनमा सञ्चारमन्त्री बाँस्कोटा पेरिस पुगे र फ्रान्सको इनग्रुप कम्पनीसँग प्रेस स्थापना गर्ने एमओयूमा हस्ताक्षर भयो । एमओयमा हस्ताक्षर भए पनि फेरि प्रक्रिया अघि बढेन । त्यहीबीचमा प्रेस स्थापना गर्न जर्मन कम्पनीको पनि प्रस्ताव आयो । मन्त्रिपरिदले सञ्चार मन्त्रालयको अध्ययन समितिले अध्ययन गरेपछिमात्र कुन कम्पनीलाई दिने निर्क्यौल हुने र त्यसको जिम्मेवारी सञ्चारमन्त्री बाँस्कोटालाई दिने निर्णय गर्‍यो । फ्रान्सेली कम्पनीलाई दिने भनेर एमओयु नै भइसकेको अवस्थामा फेरि जर्मन कम्पनी पनि थपिनु र अध्ययनको नाममा समय लम्बाएर बार्गेनिङको चलखेल भएको आशंका संसदको लेखा समितिले गरेको थियो । गत कात्तिक २२ गते क्याबिनेटले फ्रान्सेली कम्पनीसँग नै सेक्युरिटी प्रिन्टिङका लागि सम्झौता गर्ने निर्णय गर्‍यो । त्यसपछि फेरि चलखेल भयो । क्याबिनेटले निर्णय गर्दा पूर्ण क्षमताको प्रिन्टिङ प्रेस स्थापना गर्ने भनेको थियो । उक्त निर्णयअनुसार बैंक नोट, राहदानी, हुलाक टिकट, राजस्व स्टिकर, स्मार्ट कार्ड छपाइ हुने भनिएको थियो । यसको कूल लागत ३० अर्बसम्म लाग्ने अनुमान गरिएको थियो ।

## काण्डले ...

महोत्सवमा महिलामाथि अश्लील हर्कत गरेपछि उनी राजनीनामा दिन बाध्य भए । सुशील कोइराला नेतृत्वको सरकारमा तत्कालीन एमालेबाट सहभागी भएका पराजुलीले २०७२ असार १५ गते धान दिवसका अवसरमा काठमाडौंको मुलपानीमा आयोजित कार्यक्रममा एक महिलालाई अश्लील हर्कतका साथ अँगालो मारेपछि उनी विवादमा तानिएका थिए ।

**महिलाबारे टिप्पणी गर्दा कानुनमन्त्री चट्**

बंगलादेशमा एमबीबीएस पढ्न जाने नेपाली छात्राले सर्टिफिकेट पाउनका लागि शारीरिक सम्बन्ध कायम गर्नुपर्ने अभिव्यक्ति दिएका तत्कालीन कानुन, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङले २०७५ साउन ८ गते राजीनामा दिएका थिए । आफ्नो भनाइलाई गलत ढङ्गले व्याख्या गरिएको आरोप लगाउँदै नैतिकताका आधारमा राजीनामा दिएका थिए । उक्त अभिव्यक्तिको विभिन्न महिलावादी संघ संस्थाहरूले निरन्तर विरोध जनाउँदै आएपछि उनी राजीनामा दिन बाध्य भएका थिए ।

**मधेशबारे टिप्पणी गर्दा रक्षामन्त्री शरतसिंह भण्डारी**

२०६८ असोजमा तत्कालीन रक्षामन्त्री शरतसिंह भण्डारीमाथि गम्भिर आरोप लाग्यो । मधेसका २२ जिल्लाले छुट्टिने निर्णय गरेमा कुन ऐन र कानुनले रोक्न सक्छ भन्दै टिप्पणी गरेका थिए । विवाद चर्किएपछि तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले उनलाई बर्खास्त गरेका थिए । राजीनामा नदिने अडानमा रहेका भण्डारीलाई भट्टराईले बाध्य भएर बर्खास्त गरेका थिए ।

**प्रधानमन्त्रीबाट बर्खास्तीमा राधा ज्ञवाली**

२०७२ असोज १५ मा तत्कालीन ऊर्जामन्त्री राधा ज्ञवाली बर्खास्त भएकी थिइन् । सोलु करिडोर निर्माणका क्रममा भएको ठेक्का सम्झौतामा करिब २६ करोड रूपैयाँ अनियमितता भएको ठहर गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ज्ञवालीमाथि कारवाहीको सिफारिस गरेको थियो । तर, राजीनामा नदिने अडानमा रहेकी ज्ञवालीलाई तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले उनलाई बर्खास्त गरेका थिए ।

कर्णाली प्रदेशका भौतिक पूर्वाधारमन्त्री बर्खास्त

२०७६ भदौमा कर्णाली प्रदेशका भौतिक पूर्वाधार मन्त्री खड्कबहादुर खत्री पनि बर्खास्तीमा परे । नक्कली बैङ्क ग्यारेन्टी प्रकरणमा पाटन उच्च अदालतले पक्राउ पूर्जी जारी गरेपछि मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले मन्त्री खत्रीलाई बर्खास्त गरेका थिए । खत्रीसहित पाँच जनाले कृषि विकास बैङ्क भोजपुरबाट एक करोड १० लाख ८० हजार रूपैयाँको नक्कली ग्यारेन्टीपत्र बनाएको आरोप थियो ।

**सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री सोडारी**

सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री दीर्घबहादुर सोडारी पनि बर्खास्तिमा परेका थिए । परस्त्रीसँगको सम्बन्ध प्रकाशमा आएपछि पदीय आचरणविपरीत काम गरेको भन्दै उनलाई मुख्यमन्त्री त्रिलोचन भट्टले बर्खास्त गरेका थिए । २०७५ कार्तिक २७ गते उनलाई मुख्यमन्त्री भट्टले बर्खास्त गरेका थिए ।

**सुदूरपश्चिम प्रदेशकै राज्यमन्त्री र ावलको राजीनामा**

सुदूरपश्चिम प्रदेशकै उद्योग, पर्यटन तथा वातावरण राज्यमन्त्री प्रकाशबहादुर रावल पनि राजीनामा दिन बाध्य भएका थिए । आर्थिक अनियमितता तथा किर्ते काण्ड मुछिएपछि उनी पद छाड्न बाध्य भएका थिए । कञ्चनपुरस्थित जनज्योति बहुमुखी क्याम्पसको शेयरमा ठगी तथा किर्ते गरेको आरोपमा उनीविरुद्ध २०७६ साउन ७ गते जिल्ला अदालत कञ्चनपुरमा मुद्दा दायर भएको थियो ।

**बागमती प्रदेशका भौतिक पूर्वाधार मन्त्री बर्खास्त**

बागमती प्रदेशका भौतिक पूर्वाधार मन्त्री केशव स्थापित पनि १५ महिना अघि बर्खास्त भएका थिए । प्रदेश मन्त्रिपरिषद बैठकमै मुख्यमन्त्री डोरमणि पौडेलसँग विवाद गरेपछि उनी बर्खास्तमा परेका थिए । २०७५ कार्तिक १६ गते मुख्यमन्त्री पौडेलले पार्टी नेतृत्वसँगको छलफलपछि मन्त्री स्थापितलाई बर्खास्त गरेका थिए । आफ्नो कामप्रति इमान्दार नहुँदा, भ्रष्टाचारमा लिप्त हुँदा वा महिलासँग अनैतिक सम्बन्धमा रहँदा बेला-बेला सरकारका मन्त्रीहरू पद छोड्न बाध्य हुने गरेका छन् ।

# चक्रपथ दोस्रो खण्ड विस्तारको तयारी

**काठमाडौं/रासस-** चक्रपथको कलङ्कीदेखि धोबीखोला (गोपीकृष्ण हल अगाडि) सम्मको सडक विस्तारका लागि आगामी महिनासम्ममा 'साइट' खाली गराउने गरी काम अघि बढिरहेको छ । यस खण्डमा अहिले सडकको अधिकार क्षेत्रमा रहेका संरचना हटाउने काम भइरहेको छ ।

सडक विस्तारका लागि झण्डै दुई हजार १०० रुख कटान भइसकेका छन् । बाफलमा रहेको सेनाको ब्यारेकको पर्खाल सार्ने काम भइरहेको छ । ब्यारेकभित्र रहेका रुख काटिने काठमाडौँ चक्रपथ सुधार योजनाले जनाएको छ । यहाँ रहेका बिजुलीका पोल र खानेपानीका पाइप सार्ने काम अघि बढिरहेको आयोजनाका प्रमुख अमृतमणि रिमालले बताए । खानेपानीका पाइप सार्नका लागि ठेक्का सम्झौता भइसकेको उनले बताए ।

उनले भने, 'पाइप सार्नकै लागि हामीले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई रु २५ करोड विनियोजन गरिसकेका छौं ।' सडकको अधिकार क्षेत्रमा नै स्वयम्भु नजिकै चैत्य रहेकामा सार्नुपर्ने देखिएको प्रमुख रिमालले बताए । सडकको केन्द्रबाट ३१ मिटर दायाँबायाँ अधिकार क्षेत्र रहेकामा सो चैत्य १७ दशमलव पाँच मिटर रहेको छ ।

चक्रपथको पहिलो खण्ड कोटेश्वर-कलंकी सडकखण्डमा भन्दा यो सडकमा संरचना कम रहेका छन् । महाराजगञ्ज क्षेत्रमा मात्रै झण्डै ४० घर सडकको अधिकार क्षेत्रमा रहेका प्रमुख रिमालले बताए । त्यस क्षेत्रमा जग्गा अधिग्रहण अघि बढाउन मन्त्रिपरिषद्ले काठमाडौं उयपत्यका विकास प्राधिकरणलाई जिम्मेवारी दिइसकेको छ । उनले भने, 'यस ठाउँमा बाहेक निजी घरको समस्या कम छ ।'

कोटेश्वर-कलंकी सडक विस्तार गरेको चीन सरकारले नै चक्रपथको दोस्रो खण्डका रुपमा कलंकीबाट महाराजगञ्जसम्मको सडक विस्तार गर्ने भएको छ । चीन सरकारले नै यस सडकको विस्तृत अध्ययन प्रतिवेदन(डिपिआर) तयार गरिसकेको छ । पहिले साइट खाली गराएपछि नै चिनियाँ टोलीले काम शुरु गर्ने सडक विभाग, विकास सहायता समन्वय महाशाखाले जनाएको छ । महाशाखा प्रमुख अर्जुनजङ्ग थापाले कोटेश्वर-कलंकी सडक निर्माणका क्रममा विभिन्न अवरोध आएकाले यस सडकको निर्माण शुरु पहिले नै सबै अवरोध हटाउन लागिएको बताए ।

उनले भने, 'विभिन्न निकायसँगको समन्वयमा सडकको क्षेत्र खाली गराउन लागिएको हो ।' कोटेश्वर-कलंकी सडक निर्माण गरेसँगै चीन सरकारले चक्रपथको दोस्रो खण्डका रुपमा कलंकी-महाराजगञ्ज सडक विस्तारमा चासो देखाएको थियो । भूकम्प पहिले नै कोटेश्वर-कलंकी सडक विस्तारको काम शुरु भए पनि भूकम्प र त्यसपछि नाकाबन्दीका कारण समयमै निर्माण सम्पन्न हुन सकेको थिएन ।

सडकमा रहेका खानेपानीका पाइप, ढल, विद्युत्का पोल र रुख समयमै हटाउन नसकिएकाले पनि काममा बाधा पुगेको थियो । त्यतिबेला समस्या निम्त्याएका कुरा पहिले सल्टाएर मात्रै काम शुरु गर्न चिनियाँ टोलीले चाहेको सडक विभागले जनाएको छ । विस्तार हुन लागेको सडकमा दुई 'अण्डर पास', प्रत्येक एकएक किलोमिटरमा आकाशे पुल र मुख्य लेनमा बीचमा डिभाइर हुने गरी सडक विभागले प्रस्ताव गरेको छ ।

पहिलो चरणको विस्तारका क्रममा सडकमा रहेका कमीकमजोरी हुन नदिने गरी डिजाइन गरिएको सडक विभागले जनाएको छ । आठ लेनको सडकमा कोटेश्वर-कलंकी सडकमा जस्तै मुख्य चार लेन र सहायक चार लेन गरेर जम्मा आठ लेन नै रहने प्रमुख थापाले बताए । पहिलो चरणमा मुख्य सडकमा दायाँबायाँ सडक चिह्नले मात्रै छुट्याइएकामा यस सडकमा डिभाइडर राखिने भएको छ ।

## आज महाशिवरात्रि
# पशुपतिका चारै ढोका खोलिने

**काठमाडौं/मस–** प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको पूजा-आराधना गरी शुक्रबार (आज) देशभर मनाइँदैछ।

शुक्रबार दिउँसो ५:४० बजेसम्म त्रयोदशी तिथि छ । त्यसपछि चतुर्दशी प्रारम्भ हुन्छ । चतुर्दशी तिथि शनिबार बेलुकी १८:३७ बजेसम्म छ। मध्यरातमा चतुर्दशी तिथि शुक्रबार परेकाले यसैदिन महाशिवरात्रि पर्व मनाउने निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ।



पर ब्रह्मले फागुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिए।

वैदिक सनातन हिन्दू धर्मावलम्बीहरु आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरेर शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन् । शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराण लगायतका ग्रन्थमा उल्लेखित छ।

फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ। माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व (जगत्को कल्याण गर्ने तत्व)ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ।

व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् । यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ। आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाइ ग्रहण गरिन्छ।

राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन आज पशुपतिनाथमा रातको चार पहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ । कैलाशकुट र किराँतेश्वरका सङ्गीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ। भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न आज देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ।

**बिहान तीन बजे नै पशुपतिका चार ढोका खुल्ने**

यसैबीच पशुपति क्षेत्रमा मेला भर्न आउने भक्तजनहरूको सुविधाका लागि यसवर्ष विशेष प्रबन्ध मिलाइएको कोषका सदस्य सचिव डा प्रदीप ढकालले बताए । दुई वर्ष अघिदेखि नै पशुपतिमा गाँजा, भाङ, धतुरोलगायत लागू पदार्थ निषेध गरिएको थियो। यस वर्ष पनि त्यसलाई निरन्तरता दिइएको छ । यस्ता पदार्थ सेवन, बेचबिखन गरेको पाइएमा प्रहरीले समातेर कारबाही गर्ने उनले बताए।

महाशिवरात्रिका अवसरमा शुक्रबार बिहान तीन बजेदेखि नै पशुपतिका चार ढोका खोलिने कोषले जनाएको छ । यस वर्ष १० लाखभन्दा बढी दर्शनार्थीले महाशिवरात्रिका दिनमात्र पशुपति दर्शन गर्न सक्ने गरी व्यवस्थापन गरिएको छ । यस वर्षको महाशिवरात्रिमा मन्दिर परिसर साजसजावटमा विशेष ध्यान दिइएको छ। नेपाललगायत विदेशबाट फूलमाला ल्याएर मन्दिर सजावट गरिएको छ।

**दर्शनका लागि पाँच वटा लाइन**

यसवर्ष महाशिवरात्रिका अवसरमा पशुपतिमा दर्शनका लागि पाँच वटा लाइनको व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । मित्रपार्क तथा गौरीघाट भएर उमाकुण्ड-दक्षिणामूर्ति हुँदै रूद्रगाडेश्वर उत्तरढोका, जयवागेश्वरी-ईंटापाखा भएर भुवनेश्वरीस्थित फलामको सानो ढोका हुँदै पश्चिम ढोका, बत्तीसपुतली-गौशाला तथा एअरपोर्ट-तिलगङ्गा भएर पिङगलास्थान-सुमार्गी भवन हुँदै चार शिवालय-पञ्चदेवल दक्षिण ढोकाबाट एक/एक लाम गरी बाहिरी रुपमा दर्शन गर्ने व्यवस्था मिलाइएको सदस्य सचिव ढकालले जानकारी दिए।

यसैगरी तिलगङ्गा राममन्दिरतर्फ समेत आवश्यकताअनुसार एक लामको व्यवस्था गर्न सकिने गरी व्यवस्थापन मिलाउन लागिएको उनले बताए। नित्य दर्शनार्थीका लागि बिहान ७ बजे अगावै भुवनेश्वरीस्थित फलामको सानो ढोकाबाट प्रवेशको व्यवस्था मिलाइएको छ। जुन दर्शनमार्गबाट मन्दिर प्राङ्गण प्रवेश गरिन्छ सोहीमार्ग हुँदै मन्दिर प्राङगणबाट बाहिरिने व्यवस्था मिलाइएको छ।

दर्शन गर्न आउने दर्शनार्थीको सवारी पार्किङका लागि सिफल, तिलगङ्गा, गुह्येश्वरी पारी, कोषको कार्यालय, वनकाली लगायत स्थानमा व्यवस्था मिलाइएको छ। आज पशुपतिनाथसँगै उपत्यकाका गोकर्णेश्र, डोलेश्वरलगायत शिव मन्दिरमा पनि भक्तजनको भीड लाग्छ। यसैगरी राजधानी बाहिरका शिव मन्दिरमा पनि धूमधामका साथ पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो हुन्छ।

## शान्ति सुरक्षा चुस्त राख्न गृहसचिवको निर्देशन

**काठमाडौं/मस–** गृहसचिव महेश्वर न्यौपानेले जिल्लाको शान्ति सुरक्षा चुस्त राख्न मातहतका सुरक्षा निकायका प्रमुखहरुलाई निर्देशन दिएका छन्। प्रहरी प्रधान कार्यालयको कमाण्ड सेन्टरबाट बिहीबार सातै प्रदेश प्रहरी कार्यालयका प्रमुखलाई भिडियो कन्फ्रेन्सद्वारा सम्बोधन गर्दै गृहसचिव न्यौपानेले सबै प्रदेशका शान्ति सुरक्षाको अवस्था दुरुस्त राखी जनतालाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन निर्देशन दिए।



प्रदेशका प्रहरी प्रमुखलाई सम्बोधनलगत्तै प्रहरी प्रधान कार्यालयमा उपस्थित प्रहरी अधिकृत तथा जवानसमेतलाई उनले शान्ति सुरक्षा अमनचयन कायम गर्ने कामका कुनै सम्झौता नगर्न निर्देशन दिए । आतकङ्वाद एवं विध्वंसात्मक गतिविधि तथा अपराध नियन्त्रणमा क्रियाशील रहन उनले आग्रह गरे।

प्रहरी कर्मचारीले नागरिकलाई गर्ने व्यवहार र उनीहरुप्रतिको प्रतिक्रियाले सरकारको प्रतिविम्ब प्रस्तुत हुने उल्लेख गर्दै गृहसचिव न्यौपानेले भने, 'हाम्रो व्यवहार, काम गर्ने शैली, सेवाग्राहीलाई सम्बोधन गर्ने तरिकाजस्ता कुरामा थप मर्यादित, सभ्य र सुसंस्कृत हुनु आवश्यक छ।' उनले शान्ति सुरक्षा कायम गर्न मन्त्रालयको आवश्यक सहयोग रहने बताए।

प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले नेपाल सरकार तथा गृह मन्त्रालयबाट प्राप्त नीति, कार्ययोजना र निर्देशनलाई सम्पादन गर्न प्रहरी कटिबद्ध रहेको बताए। प्रहरी महानिरीक्षक ज्ञवालीले सरकारको दीर्घकालीन लक्ष्य 'समृद्ध नेपाल, सुखी नेपाली' लाई सफल बनाउन प्रहरी अझ क्रियाशील, निर्भिक र कर्तव्य पालनामा समर्पित रहेको उल्लेख गर्दै प्रहरी सङ्गठनलाई उत्कृष्ट संस्थाका रूपमा स्थापित गर्न प्रतिबद्ध रहेको बताए।

## परराष्ट्रमन्त्री आज जेनेभा जाँदै

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली यही फागुन १२ गतेदेखि जेनेभामा हुने संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को ४३औं उच्चस्तरीय बैठकमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै शुक्रबार (आज) त्यसतर्फ प्रस्थान गर्दै छन्।



मन्त्री ज्ञवालीले उक्त बैठकलाई फागुन १३ गते सम्बोधन गर्नाका साथै जेनभास्थित संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि मणिप्रसाद भट्टराईले आयोजना गर्ने स्वागत समारोहमा कूटनीतिक समुदायसँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। जेनेभामा रहँदा उनले राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तसँग भेटवार्ता गर्ने तथा विभिन्न देशका आफ्ना समकक्षीसँग द्विपक्षीय वार्ता गर्नेछन्।

मन्त्री ज्ञवाली नेतृत्वको प्रतिनिधिमण्डलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारी तथा जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि रहनेछन्। उनी फागुन १६ गते स्वदेश फर्कनेछन्।

## अज्ञात समूहद्वारा डोजरमा आगजनी

**डोटी/मस–** अज्ञात समूहले डोटीको आदर्श र सायल गाउँपालिकास्थित दुई वटा डोजरमा आगजनी गरेका छन् । सायल गाउँपालिकामा जलाइएको डोजर गाउँपालिकाकै भएको र आदर्श गाउँपालिकामा जलाइएको डोजर स्थानीय व्यक्तिले सडक निर्माणका लागि काठमाडौंबाट भाडामा ल्याएको भन्ने जानकारी प्राप्त भएको डोटीका प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताए।

उनले भने, 'अज्ञात समूहले डोजर जलाएको भन्ने खबर आएको छ, कसले र किन जलाएका हुन् खोजी हुँदै छ।' आगजनीका कारण सायल गाउँपालिकाको डोजरमा पूर्ण रुपमा क्षती भएको र आदर्श गाउँपालिकामा जलाइएको डोजरमा सामान्य क्षती भएको भन्ने जानकारी आएको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

## सामाजिक अपराध घटाउन प्रहरी सक्रिय


**झापा/रासस–** जिल्ला प्रहरी कार्यालय झापाले एक महिनाको अवधिमा भन्सार छली भारतबाट नेपाल भित्र्याइएको रु ४६ लाख ७९ हजार ३६२ बराबरको सामान बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले विभिन्न नाका प्रयोग गरी अवैधरूपमा नेपाल भित्र्याइएका लत्ताकपडा, विद्युतीय सामग्री, सवारी पार्टपूर्जा, पशुचौपाया तथा अवैध काठलगायतका वस्तु बरामद गरी सो मूल्य बराबरको मेची र भद्रपुर भन्सार कार्यालयमा बुझाइएको बताए। उनले माघमा मात्र विभिन्न मुद्दामा फरार अदालतबाट १० वर्ष छ महिना १६ दिन कैद एवं रु ४२ हजार ७०० जरिवाना जम्मा भएका फरार नौ प्रतिवादीलाई विभिन्न स्थानबाट लुकीछुपी बसेको अवस्थामा पक्राउ गरी अदालतमा दाखिला गरेको जानकारी दिए।

उपरीक्षक कोइरालाले माघमा मात्र अभद्र व्यवहार, लागुऔषध, जबर्जस्ती करणी, कर्तव्य ज्यान र अन्य अपराधका १२८ विरुद्ध मुद्दा दर्ता गरिएको र १५० लाई पक्राउ गरिएको जानकारी दिए। उनका अनुसार त्यसमध्ये सबैभन्दा बढी अभद्र व्यवहारमा पक्राउ परेका छन्। जसमा चार विदेशी रहेका जनाइएको छ। प्रहरीले जिल्लामा समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत सामाजिक अपराध घटाउने उद्देश्यले साइबर अपराध, लैङ्गिक हिंसा, ट्राफिक नियम र लागुऔषधसम्बन्धीका कार्यक्रम स्कूल तथा विभिन्न स्थानमा गर्दै आएको छ।

## अमेरिकी सांसदको टोली नेपाल भ्रमणमा

**काठमाडौं/मस-** अमेरिकी सांसद तथा एसिया, प्रशान्त एवं परमाणु अप्रसार उप-समितिका (एचएफएसी) अध्यक्ष एमी बेराको नेतृत्वमा दुई दलीय अमेरिकी संसदीय टोलीले ८ गते बिहीबारदेखि ११ गतेसम्म नेपाल भ्रमण गर्दैछ।



यो भ्रमणको उद्देश्य नेपालमा अमेरिकी विदेश नीति र सहायताको बारेमा जानकारी लिनु रहेको बताइएको छ। यस चार सदस्यीय प्रतिनिधि मण्डलले सरकारी अधिकारी, नागरिक समाजका सदस्य, काठमाडौंस्थित अमेरिकी दूतावास र मिलेनियम च्यालेन्ज कर्पोरेसनका कर्मचारीसँग भेट्ने कार्यक्रम रहेको छ।

नेपाल भ्रमण गर्नु अघि बेरा नेतृत्वको यो टोलीले भारत र श्रीलंकाको पनि भ्रमण गरेको थियो। भ्रमण दलका अन्य सदस्यहरुमा सांसद जर्ज होल्डिङ, सदस्य-हाउस वेज एन्ड मिन्स कमिटीका सदस्य, निकोल बरोज, एसिया, प्रशान्त एवं परमाणु अप्रसार उप-समितिका कर्मचारी निर्देशक, र एचएफएसीका वरिष्ठ कर्मचारी साजित गान्धी रहेका छन्।


## अधिवक्ता ढकाललाई थुनामुक्त गर्न बारको माग

**काठमाडौं/मस–** नेपाल बार एसोसिएसनले अधिवक्ता चिरञ्जीवी ढकाललाई तत्काल थुनामुक्त गरी शान्तिपूर्ण जीवन यापन गर्ने वातावरण बनाउन सरकारसँग माग गरेको छ। बारका महासचिव लीलामणि पौडेलले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा ललितपुर जिल्ला अदालत बार एकाइमा आवद्ध कानून व्यवसायी तथा बारका केन्द्रीय कार्यकारिणी सदस्य अधिवक्ता ढकाललाई बन्दीप्रत्यक्षीकरणको मुद्दामा सर्वोच्च अदालतबाट थुनामुक्त गर्न आदेश जारी गरेलगत्तै अदालत परिसरबाटै पुनः पक्राउ गरिएको हुनाले थुनामुक्त गर्न माग गरिएको उल्लेख छ।

'कुनै पनि नागरिकलाई स्वेच्छाचारीरुपमा पक्राउ गरिनु र झुठा मुद्दा चलाइनु मुलुकमा कानूनको शासन नभएको संकेत हो,' प्रेस विज्ञप्तिमा भनिएको छ, 'संविधान कानूनअनुसार अदालतबाट थुनामुक्त गरिएको व्यक्तिलाई पुनः पटकपटक पक्राउ र थुनामा राख्ने कार्य नेपालको संविधानविपरीत छ।' अधिवक्ता ढकाललाई प्रहरीले यही फागुन १ गते पक्राउ गरेको थियो। सर्वोच्च अदालतले यही फागुन ७ गते थुनामुक्त गर्न आदेश जारी गरेको थियो तर आदेश जारी गरेलगत्तै प्रहरीले पक्राउ गरी उनलाई थुनामा राखेको छ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।
हाम्रा सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।
Get your skill for your future carrier



HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### राजनीतिक आडमा हुने भ्रष्टीकरण रोक

निवर्तमान सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदका लागि स्विस एजेन्टसँग रकम बार्गेनिङ गरेको अडियो प्रकरणले अहिले राजनीतिसँगै सामाजिक सञ्जाल तातेको छ । भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको कुरा गर्ने सरकारकै मन्त्री घूस बार्गेनिङमा मुछिएपछि सरकारको चौतर्फी आलोचना भइरहेको छ । आलोचनापछि नैतिकताको कारण दर्शाउँदै मन्त्री पदबाट राजीनामाको घोषणा गरेका छन् ।

अडियोलाई लिएर यतिबेला दुई मत प्रकट भएका छन्– एक बाँस्कोटालाई कारबाही गर्नुपर्छ । अर्को– अडियोलाई नै सम्पूर्ण प्रमाण मान्नु हुँदैन । यसको वैज्ञानिक परीक्षण हुनुपर्छ । सार्वजनिक अडियोमाथि बाँस्कोटा स्वयंले प्रश्न उठाएका छन् । बिगारेर फेक अडियो बनाइएको जिरह बाँस्कोटाको छ । तर, बाँस्कोटाको दाबीमा उतिधेरै दम देखिँदैन । सेक्युरिटी प्रेस खरिद प्रकरणमा जोडिएका पात्र विजय मिश्र सरकारको विज्ञदेखि दलालीसम्मका भूमिकामा जोडिएकाले दालमा कालो मिसिएकै छ । तथापि त्यही अडियोकै आधारमा कारबाहीको डण्डा वर्षाउनु भने उपयुक्त हुँदैन । वैज्ञानिक परीक्षणबाट त्यसको सत्यतथ्य अन्वेषण गर्नुपर्छ । बाँस्कोटाको प्रधानमन्त्रीसँगको निकटतालाई हेरेर कतै उनले उन्मुक्ति या सफाइ पाउने हुन् कि भन्ने संशय पनि कतिपयले पालेका छन् । कृष्णबहादुर महराले चीनसँग रकम माग्दा जसरी सत्ताको आडमा अभय दान पाएका थिए, त्यसकै पुनरावृत्ति हुने कतिपयको आकलन छ । तर, बाँस्कोटा प्रकरणमा त्यस्तो गरिनु हुँदैन । भ्रष्टाचारको जरोकिलो उखेल्ने विगतको बाचा सम्झेर प्रधानमन्त्रीले आफूलाई खरो उतार्नु पर्छ । प्रधानमन्त्रीले विगतको आफ्नै नारालाई यहीबाट प्रस्थान विन्दु बनाउनुपर्छ ।

अरस्तुले २४ सय वर्षअघि राजनीतिको परिकल्पना गर्दै भनेका थिए– राजनीति पेसा होइन, उत्तरदायित्व हो । विश्वका अधिकांश विकसित मुलुक अरस्तुको लाइनमा हिँडिरहेका बेला नेपालको राजनीति भने २४ सय वर्षअघिको अरस्तुको चेतनास्तरमा अझैसम्म उक्लन सकेको छैन । यसको ज्वलन्त प्रमाण निर्वाचनदेखि बालुवाटार प्रकरणसम्म पटाक्षेप भएकै छन् । राजनीतिलाई उत्तरदायित्व र सेवाका माध्यम बनाउने भन्दा पनि कमाउ पेसा बनाउने क्रम बढेको छ । राजनीतिजस्तो पवित्र र उत्तम कर्मलाई कमाउने पेसाका रूपमा बदनियत गराइएको छ । यो राजनीतिप्रतिको अपमान हो । भद्दा मजाक हो । समकालीन नेपाली राजनीतिको यो बिडम्बना अब कायम हुनु हुँदैन । यदि गरिन्छ भने यो समृद्धिको यात्रा र भावी पुस्ताका लागि गद्दारी हुनेछ ।

त्यसैले प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिमा व्याप्त भ्रष्टीकरणविरूद्ध आफूलाई खरो उतार्न हिचकिचाउनु हुँदैन । भ्रष्टाचारप्रति निर्मम बन्दै तातेकै बेला घन ठोक्नुपर्छ । सिंगो नेकपाले पनि पूर्व र दक्षिण नभनी भ्रष्टाचारविरूद्धको अभियान छेड्न सरकारलाई साथ दिनुपर्छ । रह्यो कुरा कांग्रेसलगायत प्रतिपक्षको । उनीहरूले पनि राजनीतिका नाम थुप्रिएका घरभित्र र बाहिरका फोहोर हटाउन रचनात्मक प्रतिपक्षको भूमिका खेल्न कन्जुस्याइँ गर्न हुँदैन । राजनीतिमा मौलाउँदो भ्रष्टाचारको अर्को पाटो पनि छ, दलालीकरण । राजनीतिज्ञ र मन्त्रीलाई विचलित पारेर दलालहरूले कसरी मन्त्रीहरूलाई गलत बाटो हिँडाउन बाध्य पार्छन् भन्ने ज्वलन्त उदाहरण हुन्, बाँस्कोटा प्रकरणमा जोडिएका स्विस एजेन्ट भनिने विजयप्रकाश मिश्र । यस्ता धेरै विजय प्रकाशहरूले जनताको सपनालाई यसरी नै अन्धकारमा धकेलेका छन् । यस्ता दलालीकरणविरूद्ध उत्रन पनि अब सरकारले बियालो गर्न हुँदैन ।

## सामाजिक सञ्जाल



प्रकाशित विचारमा प्रसस्त बहस र विवेचना हुन सक्छन् । अर्को विचार बन्न सक्छ । हामीले अवलम्बन गरेको शासकीय प्रणाली, संवैधानिक र कानुनी व्यवस्थाले कुनै पनि दूतावासको धम्कीपूर्ण विज्ञप्तिलाई स्वीकार गर्दैन । यो मामला एउटा मिडिया वा व्यक्ति विशेष नमान्नुस् । राज्य चरित्रमा प्रश्न पनि हो ।

**- नारायण काफ्ले**




पश्चिमाले माओ रूचाउँदैनन् होला, उनीहरूलाई नाकाबन्दीको विकल्प खोज्न पनि नपर्ला । तर छिमेकमा जोडिएका हामीबीच कहिलेकसो गोडा लाग्दैमा नोकझोंक बढाउनुभन्दा मित्रवत् हुनु राम्रो । राजदूतको भाषा गलत महसुस होस्, हामी पश्चिमा झैँ स्वतन्त्रता मात्रै जप्न भन्दा छिमेकी खाँचोलाई प्रधान मानौं ।

**– टेकनारायण भट्टराई**



राजदूतले परराष्ट्र मन्त्रालयलाई चिठ्ठी लेखेर फलानो समाचारमा हाम्रो ध्यानाकर्षण भयो भन्न सम्म मिल्थ्यो होला । नामै तोकेर तँलाई पख्लास् भन्ने तरिकाबाट विज्ञप्ती आउनु नेपालको सार्वभौमिकता माथिको ठाडो हस्तक्षेप हो । बुढी मरिन् भनेर खुसी हुनुभन्दा पनि काल पल्किनु घातक हो ।

**– स्वारी**



११ अर्बमा पाइने सेक्युरिटी प्रेसमा सरकारले यति समुहलाई फाइदा पुग्ने गरी झण्डै ३० अर्ब किन खर्च गर्दैछ ? भन्ने प्रश्न उठेकै थियो । यस्तैमा सञ्चारमन्त्री नै कमिसनमा जोडिएको भन्दै अडियो सार्वजनिक भएछ । यो घटनाको निस्पक्ष छानवीन होस् ।

**– शिव दाहाल**

# प्राविधिक सेवाभित्र उठेको तरंग



■ भागवत खनाल

> “ सेवाको अवसान गर्ने प्रस्ताव गर्नुभन्दा सेवाभित्रै प्रशस्त वृत्तिविकासको अवसर, कर्मचारीलाई थप सुविधा र येथेष्ठ बजेट माग गर्नु मनासिव हुने थियो । शिक्षालाई प्रतिष्ठित गरिमामय, सम्मानित र मर्यादित सेवाको रूपमा विकास गर्ने अठोट गर्नु पर्ने थियो ।

निजामती सेवामा जम्मा दशवटा सेवा रहेका छन् । ऐनमा ती सेवामध्ये कुन् प्राविधिक र कुन् अप्राविधिक हुन् भन्ने खुलस्त पारिएको छैन । सेवासम्बन्धी नियमावलीमा उल्लेख भएको राजपत्रांकित तृतीय श्रेणीको आवश्यक न्यूनतम योग्यता हेर्दा नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूह मात्र त्यस्तो सेवा हो जसका लागि ‘स्नातक वा सो सरह उत्तीर्ण’ भन्ने उल्लेख भएको छ । प्रशासन सेवाकै लेखा र राजस्व समूह एवं अन्य सबै सेवा समूह र उपसमूहका लागि विशेष किसिमको योग्यता तोकिएको पाइन्छ । निजामती अभ्यास र लोक सेवा आयोगले प्रकाशन गर्ने विज्ञापनको आधारमा हेर्दा नेपाल प्रशासन सेवा, नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवालाई अप्राविधिक र आर्थिक योजना तथा तथ्यांक, इन्जिनियरिङ, कृषि, वन, स्वास्थ्य (नेपाल स्वास्थ्य सेवा ऐन बमोजिम गठित निजामती सेवा), विविध र शिक्षा सेवालाई प्राविधिक सेवा भनेर सम्वोधन गरेको देखिन्छ ।

प्रविधि प्रयोगको आधारमा अंगालिने खास विधि या प्रक्रिया, कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढंगले काम गर्ने पद्धति, सीप, ढंग या कौशल हो । प्राविधिक भन्नाले कुनै किसिमको विज्ञान शिल्प, कला आदिसँग सम्बन्ध रहेको व्यावहारिक र प्रायोगिक तरिका अपनाएर गरिने कार्य भन्ने बुझिन्छ भने यस शव्दले विशेष प्रकारको ज्ञान र सीपको आधारमा सम्पन्न गरिने कार्यलाई समेत जनाउँछ ।

प्राविधिज्ञको अर्थ हो ज्ञान विज्ञान सम्बन्धी शिल्प र प्रविधि जान्ने व्यक्ति । नेपालको निजामती सेवालाई हेर्दा प्रशासन सेवाको सामान्य प्रशासन समूह बाहेक सबै सेवाहरुको प्रकृति विशेषज्ञ ‘टाइप’ को देखिन्छ । नेपाल प्रशासन सेवाको प्रथम श्रेणीमा ‘समूह’ नरहेको हुँदा सेवाभित्रका जुनसुकै समूहका कर्मचारीहरु प्रथम श्रेणीमा बढुवा हुन सक्दछन् । प्रथम श्रेणीमा पुगेपछि राजपत्रांकित द्वितीय श्रेणीमा विशेषज्ञ प्रकारको काम गर्ने कर्मचारीहरु ‘सामान्य प्रशासक’ मा परिणत हुन्छन् ।

प्राविधिज्ञ जति माथिल्लो पदमा पुग्दछ उतिनै उसको विशेषज्ञताको क्षेत्र साँघुरो र विशिष्ट हुँदै जान्छ । ऊ आफ्नो क्षेत्रमा गम्भीर अध्ययन, अनुसन्धान, साधना, अभ्यास र प्रयोगको माध्यमबाट अझै कुशाग्र र दक्ष बन्दछ । विशेषज्ञले, अनुसन्धान, प्रयोग र प्रमाणको आधारमा आफ्नो अभिमत तयार गर्ने हुँदा उसको धारणा अडानयुक्त र कठोर हुन्छ । यदि प्राविधिक विषयको विशेषज्ञ प्राविधिक विषयमा लचिलो र व्यावहारिक हुन तयार हुन्छ भने बुझे हुन्छ, उसले समय, गुणस्तर या लागतमा सम्झौता गर्‍यो । प्राविधिज्ञले सामान्य प्रशासकले जस्तो समयपालन, आदेश पालन, मर्यादा, अनुशासन आदिका परम्परागत यान्त्रिक धारणाभन्दा विषयको महत्व, पक्ष विपक्ष, तर्क र प्रतिफलमा आधारित व्यावहारिक कुरालाई ज्यादा ध्यान दिने गर्दछ ।

लोक कल्याणकारी सरकारको अवधारणाको विकास हुनुअघि सरकारी कर्मचारीको काम कर संकलन, शान्ति सुरक्षा र अपराधीलाई दण्ड दिनेमा सीमित थियो । त्यस बखत सरकारी सेवामा प्राविधिक सेवाको आवश्यकता नै परेन, किनकि यो सरकारी सरोकारको विषय थिएन । चिनियाँ साम्राज्यमा परापूर्वदेखि अपनाउने गरिएको ‘मेरिट’ मा आधारित कर्मचारी छनौट पद्धतिबाट प्रभावित भएका चीनको ग्वान्जाउमा कार्यरत ब्रिटिश कन्सल थोमस टेलर मिडोजको जोड र सोही आधारमा तयार भएको रिपोर्ट (१८५४) अनुरुप बेलायतमा योग्यतामा आधारित कर्मचारी छनौट पद्धति कायम गरियो । निजामती सेवा ऐन, २०१३ लागू भएपछि नेपालमा पनि यही प्रणाली कायम गरिएको हो । भरखरै युवा अवस्थामा प्रवेश गरेका मेधावी व्यक्तिहरुबीच प्रतियोगिता गराएर योग्यताको आधारमा छनौट गरी निजामती सेवामा भर्ना गर्ने यो परम्पराले नेपालमा पनि सुरु सुरुमा राम्रो परिणाम दियो ।

सरकारको काममा वृद्धि एवं भौतिक विकास र शिक्षा तथा स्वास्थ्य सेवा जस्ता सामाजिक क्षेत्रमा सरकारको अग्रणी भूमिकाको मागसँगै स्थायी प्राविधिक जनशक्तिको आवश्यकता महसुस भयो । नेपाल निजामती सेवामा शिक्षा, इन्जिनियरिङ, वन, स्वास्थ्य र कृषि जस्ता प्राविधिक सेवाहरु गठन भए । मुलुकको विकास र अग्रगमनका लागि यी सेवाहरुले उल्लेखनीय योगदान गर्दै आएका छन । तथापि योग्य र प्रतिभाशाली व्यक्तिहरुको प्रभुत्व रहेको प्राविधिक सेवा राष्ट्रले परिकल्पना गरेको समृद्धि हासिल गर्नमा सहायक सिद्ध हुन नसकेको आरोप लाग्ने गरेको छ । सम्यक रुपमा जनताको सेवा गर्नबाट अन्य सेवाहरु जस्तै प्राविधिक सेवा समेत चुक्यो भन्ने आरोपमा धेरै हदसम्म सत्यता छ ।

आरोपहरु स्वाभाविक रुपमा लागिरहे, लागिर हेछन् र लागिरहने छन् । अपेक्षित रुपमा प्रतिफल दिन नसकेको सत्य हो भन्ने कुरा प्राविधिक सेवाका पूर्वराष्ट्रसेवक र वर्तमान समयमा निर्णायक स्थानमा रहेका व्यक्तिहरुलाई समेत महसुस भएकै कुरा हो । किन्तु रात दिन, शीत गर्मी, सुक्खा, महामारी, बाढी पहिरो र भूकम्प जस्ता समयमा फिल्डमा खटिएर देशको सेवा गर्ने पनि यही सेवा हो । देशको शिक्षा नीति निर्माण, पाठ्यक्रम, विद्यालय प्रशासन र व्यवस्थापन, प्रौढ र अनौपचारिक शिक्षा जस्ता विषयमा शिक्षा सेवाले पुर्‍याएको योगदान युगान्तकारी छ । बाटोघाटो, खानेपानी र सरसफाइ, संचार, कृषि विकास र विस्तार एवं स्वास्थ्यसेवा जस्ता विषयमा नेपालले जुन उन्नति गरेको छ, त्यसमा प्राविधिक सेवाको अविस्मरणीय योगदान छ ।

निजामती सेवाभित्र समृद्ध हुँदै गएको अर्को मनोवैज्ञानिक पाटो पनि छ । मानिस स्वभावैले शक्तिको भोको हुन्छ । शक्तिशाली गोरा हाकिमहरुको रवाफ र शान देखेको भारतीय निजामती सेवामा अंग्रेज गएपछि पनि सोही ‘शानोसौकत’ र रवाफको भोक जाग्यो । त्यही रुझान बोकेको नेपाल निजामती सेवामा पनि त्यसको नक्कल गर्ने परिपाटी बस्नु स्वाभाविकै थियो । राणाकालीन बडाहाकिमहरुको जे जस्तो मिजास थियो, सात साल र सत्र सालपछि पनि थोरबहुत कायम राखियो । पञ्चायती व्यवस्थाको समयमा राजाको ‘आशीर्वाद प्राप्त’ प्रशासकहरु राजसी ठाँट र ठस्सामा रहने गर्दथे । अहिले देशमा गणतन्त्र आइसक्यो, तर त्यो ‘राजसी मनोविज्ञान’ संक्रमित हुँदै गणतन्त्रभित्र पनि छिर्ने प्रयासमा छ ।

अहिले देशको नीति कार्यान्वयन गर्ने, विकास कार्यमा सरकारलाई सहयोग गर्ने, शिक्षा, स्वास्थ्य, कृषि र वन जस्ता क्षेत्रमा मूल अभिभारा वहन गर्ने र विनियोजन हुने बजेटको ठूलो हिस्सा खर्च गर्ने जिम्मेवारी प्राविधिक जनशक्तिकै काँधमा छ । देशको प्रायः सारा चल अचल भौतिक सम्पत्ति र अभिलेखहरु प्राविधिक जनशक्तिकै जिम्मामा छन् । तथापि प्राविधिक सेवाले कहीँ कतै कुनै रिक्तताको महसुस गरिरहेको चाल पाइन्छ । सामान्य रुपमा संसारभरिका प्राविधिकहरुलाई सम्मान, सलामी, सिट्ठी, बढाइँ आदी जस्ता कुरामा सरोकार हुँदैन । प्राविधिक जनशक्तिलाई अरुलाई भन्दा सुविधासम्पन्न र राज्यको तर्फबाट सुरक्षित, संरक्षित, स्थिर र दिगो रुपमा टिकाइराख्ने प्रयत्न गरिएको हुन्छ । किन्तु हाम्रो राज्य व्यवस्था यस मामिलामा चुकेको छ । सिंहदरबारभित्र र संघीय राजधानीमा रहेर काम गर्ने कतिपय निकायका कर्मचारीका लागि कार्यसम्पादनका आधारमा थप सुविधा प्रदान गर्ने राज्यको दृष्टि रात दिन नभनी फिल्डमा रही कठिन परिश्रम गर्ने र मन्त्रालय एवं विभागमा खटिएर काम गर्ने प्राविधिकहरुमाथि पर्न सकेन । कतिपय प्राविधिक सेवाका कर्मचारीहरुले प्राविधिक सेवामा काम गर्ने कर्मचारीमाथि प्रशासन सेवा त्यसमा पनि सामान्य प्रशासन सामूहको दादागिरी चल्ने गरेको आरोप लगाउने गरेको पाइन्छ ।

संसारभरिको निजामती सेवामा छुट्टाछुट्टै सेवाहरुलाई सेवा अनुकूलको जिम्मेवारी दिइएको हुन्छ । सेवाहरुको आफ्नै महत्व र भूमिका, आफ्नै कार्यक्षेत्र र गरिमा हुन्छ । जब कुनै सेवाको कर्मचारीले अर्को कुनै सेवाको भूमिका आफ्नो सेवाको भन्दा महान र प्रतिष्ठित देख्न थाल्दछ, तब त्यस्तो कर्मचारीले काम गर्ने गरेको सेवाको महत्वमा स्खलन आउनु स्वाभाविकै हो । सबै सेवा महत्वपूर्ण हुन्छन्, सबै मुलुकको आवश्यकताको कारण गठन हुन्छन्, सबैको सम्यक र समानुपातिक प्रयत्नबाट मुलूक समृद्ध हुन्छ । अर्को कुरा, निजामती सेवामा सेवा प्रवेश गर्दा नै आफू कुन् सेवामा प्रवेश गर्दैछु र त्यो सेवामा प्रवेश गरेपछि मेरो भूमिका के हुन्छ भन्ने कुरा थाहा पाएरै एउटा प्रतिभाशाली युवा अमुक सेवामा प्रवेश गरेको हुन्छ । यो सरकारसँग सेवा प्रवेश आकांक्षीले गरेको खुला करार हो । कुनै निजामती कर्मचारी पीडित, प्रताडित र वञ्चित रहनु परेको छ भने ऊ प्रायः आफ्नै सेवाभित्रबाटै प्रताडित र पीडित भएको हुन्छ । यस्तो पीडा प्रशासन सेवाभित्र पनि प्रचुर छ । प्रशासन सेवामा पनि कहिल्यै विदेश भ्रमण नगरेका, कहिल्यै कार्यालय प्रमुखको जिम्मेवारी नपाएका, अपहेलित र वन्चित अनगिन्ती कर्मचारी छन् । टाढाबाट हेर्दा अर्केको घर राम्रो र रमाइलो देखिनु मानव स्वभाव हो, तर भित्रभित्र जहाँ पनि राम्रा, नराम्रा, कुराहरु हुन्छन । सामान्य प्रशासन समूहभित्रको बढीमा राजपत्रांकित द्वितीय श्रेणीमा रहेका कर्मचारीले अरु साधनसम्पन्न प्राविधिक सेवाहरुमाथि कस्तो थिचोमिचो गर्न सक्लान विचारणीय छ ।

अहिले प्राविधिक जनशक्तिमध्ये पनि देशका तमाम बालबालिकाका लागि आधारभूत शिक्षा, माध्यमिक र उच्चमाध्यमिक शिक्षा एवं उच्चशिक्षा सम्बन्धी नीति कानून र मापदण्ड, विदेशी विश्वविद्यालयलसँग सम्बन्ध, केन्द्रीय पुस्तकालय, मानव संसाधन आवश्यकता र त्यसको प्रक्षेपण, प्राविधिक शिक्षा नीति र मापदण्ड, पाठ्यक्रम, विद्यालय शिक्षकको तालिम, नीति र मापदण्ड, विद्यालयस्तरको परीक्षाको राष्ट्रिय मापदण्ड, स्थानीय र प्रदेश शैक्षिक विषयको समन्वय, वीवी अनुदान आयोग, छात्रवृत्ति र विद्वत् वृत्तिसम्बन्धी नीति, शैक्षिक अध्ययन अनुसन्धान, प्राज्ञिक र विज्ञान प्रविधि सम्बन्धी नीति, प्रौढ एवं अनौपचारिक शिक्षा र प्राविधिक अनुसन्धान तथा शैक्षिक तथ्यांक संकलनजस्ता कार्यको जिम्मेवारी शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय अन्तर्गत नेपाल शिक्षा सेवाको काँधमा रहेको छ ।

अहिले शिक्षा सेवालाई खारेज गरी हालको शिक्षा सेवालाई प्रशासन सेवाअन्तर्गत शिक्षा समूहको रुपमा कायम गर्ने सिफारिस गरिएको पत्र राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेको भन्ने सुनिएको छ । हुन त मन्त्रालयमा गहन छलफल, सरसल्लाह र विषद अध्ययन गरी गराई त्यसबाट भविष्यमा आउने परिणाम, शिक्षा क्षेत्रमा पुग्ने सकारात्मक र नकारात्मक प्रभावको मूल्यांकन पश्चात सकारात्मक परिणाम आउने विश्वासले प्रेरित भएरै त्यस्तो निर्णय भएको अनुमान गर्नु पर्दछ । तथापि यदि विस्तृत अध्ययन अनुसन्धान, पर्याप्त छलफल र शिक्षाविद्हरुको सल्लाहबिना भावुकतामा मात्र निर्णय गरिएको हो भने यो कुरा विचारणीय छ । असल नियतले गरिएको भएपनि अध्ययन, अनुसन्धान र सम्भाव्य परिणामको आंकलनबिना गरिएका निर्णय र चालिएका कदमहरु प्रत्युत्पादक हुने खतरा रहन्छ ।

शिक्षा सेवालाई प्रशासन सेवाको शिक्षा समूहमा कायम गरी त्यसै समूहभित्र विषयगत उपसमूहहरु कायम गर्न गरिएको सिफारिसमा एउटा कुरातर्फ समुचित ध्यान पुग्न सकेन कि भन्ने अनुमान गर्न सकिन्छ । यो सिफारिस कार्यान्वयन भयो भने राजपत्रांकित द्वितीय श्रेणीभन्दा माथि ‘शिक्षा’ को बिउ रहने छैन । निजामती सेवामा प्रशासन सेवाको राजपत्रांकित प्रथम श्रेणीमा समूहको व्यवस्था छैन । यो निर्णय कार्यान्वयन हुनासाथ शिक्षा सेवाको प्रथम श्रेणीका राजपत्रांकित प्रथम श्रेणीका सबै कर्मचारीहरु स्वतः प्रशासन सेवामा विलय हुनेछन । यहाँ सहज प्रश्न उठ्न सक्छ, अहिले जसरी शिक्षा सेवाका राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीले शिक्षा सम्बन्धी कार्य गर्ने गरेका छन्, के त्यसैगरी प्रशासन सेवाका कर्मचारीले गर्न सक्दछन् ? सिद्धान्ततः सक्दछन् भन्ने तर्कलाई नकार्न नसकिएला, तर व्यावहारिक रुपमा चाहीं शिक्षा क्षेत्र परित्यक्त र झन अपहेलित सेवामा परिणत हुने सम्भावना छ ।

आफू बसोबास गरिरहेको घर सानो र लथालिङ्ग भयो भनेर त्यसलाई परित्याग गरी बेवारिसे छाडेर अर्को बाहिरबाट देख्दा ठूलो, तर यथार्थमा झनै लथालिङ्ग रहेको घरमा बसाइ सर्दा बसाइ सर्नेमध्ये थोरै व्यक्तिलाई त ‘सायद’ फाइदा पनि होला तर आफ्नो मूलघर, त्यसको कुल परम्परा र मौलिकताको विनाश हुनु पक्का छ । शिक्षा विषय अध्ययन नगरेका र कहिल्यै त्यस क्षेत्रको अनुभव हासिल नगरेका सहसचिवबाट शिक्षाले कस्तो सेवा पाउला र तिनको सल्लाहबाट मन्त्रालयले कस्तो नीति निर्माण गर्ला ? विगत केही वर्षदेखि झाँगिदै आएको शैक्षिक वेथितिले झन कस्तो रुप लेला ?

हाल शिक्षा सेवामा सात समूह र थुप्रै उपसमूह रहेका छन् । यीमध्ये आजको सन्दर्भमा आवश्यक पर्ने व्यावसायिक र प्राज्ञिक समूहरु गठन गरी शिक्षा क्षेत्रलाई झन् सक्षम र सबल तुल्याउनु जरुरी छ । शिक्षा सेवालाई साधनसम्पन्न गराई अध्ययनशील, अनुसन्धानमूलक र प्राज्ञिक सेवाको रुपमा विकसित गर्दै देशको समग्र शैक्षिक जनशक्तिलाई गरिमामय स्थानमा राख्नु पर्दछ । शिक्षा सेवालाई प्रशासन सेवामा गाभ्ने कुराको पुष्ट्याइँमा सेवा खुम्चिन गएको कुरा उल्लेख गरिएको बुझियो । किन्तु सेवाको महत्व गुणात्मक रुपमा खुम्चिएको हो कि काम गर्न आवश्यक पर्ने जनशक्तिको संख्यामा कमी आएको भन्ने आशय हो ? सेवामा काम गर्ने कर्मचारी धेरै संख्यामा अन्यत्रै गए भन्दैमा सेवाको महत्व कम हुँदैन । शिक्षा क्षेत्रको उन्नयनका लागि चिन्ता गर्ने र शिक्षा सेवाप्रति अनुराग राख्ने, नागरिक, स्वतन्त्र बुद्धिजीवी र शिक्षाविदहरुको भनाइ यस विषयमा के रहेको छ ? संघीय प्रणालीमा खास गरेर विद्यालय प्रशासन र निरीक्षणसम्बन्धी कार्यहरु प्रदेश या स्थानीय तहमा जाँदा संघमा तत्सम्बन्धी कार्य गर्ने कर्मचारीको संख्या घट्नु स्वाभाविकै हो । यसले शिक्षा सेवा संख्यात्मक रुपमा खुम्चिएको हो कि गुणात्मक रुपमा ? के शिक्षा सेवाको ,महत्व नै घटेको हो ?

सेवाको अवसान गर्ने प्रस्ताव गर्नुभन्दा सेवाभित्रै प्रशस्त वृत्तिविकासको अवसर, कर्मचारीलाई थप सुविधा र येथेष्ठ बजेट माग गर्नु मनासिव हुने थियो । शिक्षालाई प्रतिष्ठित गरिमामय, सम्मानित र मर्यादित सेवाको रुपमा विकास गर्ने अठोट गर्नु पर्ने थियो ।

हाम्रो निजामती प्रणालीमा सरकारलाई नीति निर्माणमा सहयोग गर्नमा राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीको प्रमुख भूमिका हुन्छ । निजामती सेवाको सबै सेवामा राजपत्रांकित प्रथम श्रेणीका पद रहेका छन् । प्राविधिक सेवाहरुमा प्रथम श्रेणीमा विज्ञ सेवा दिन सक्षम प्रचुर मात्राको जनशक्ति रहेको छ । सिद्धान्ततः शिक्षा समूहबाट प्रशासन सेवामा बढुवा हुने कर्मचारीले प्रशासन सम्बन्धी काम गर्न सक्नेछन भन्ने अनुमान शिक्षा मन्त्रालयको होला, किन्तु राजस्व, सामान्य प्रशासन र लेखाबाट बढुवा हुने कर्मचारीले कसरी शिक्षा सम्बन्धी नीति निर्माणमा सहयोग गर्न सक्लान ?

शिक्षा सेवाका मध्यमस्तरका अधिकृतहरुमा पैदा भएको निराशा, हतासा र किन्चित आक्रोशको जगमा मुख्यतः दुई कारणले भूमिका खेलेको पाइएको छ । पहिलो हो साविकमा दफा २४ घ १ मुताबिक पदोन्नती भएका राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीको समुचित व्यवस्थापन हुन नसक्दाको अपमानवोध र अर्को हो समायोजनको सिलसिलामा आफूभन्दा कनिष्ठ कर्मचारीको मातहतमा रही कार्यसम्पादन गर्नु पर्नेगरी समायोजन । यसतर्फ सरकारको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक छ । न्याय गरियो, काम फत्ते भयो, संवैधानिक दायित्व पूरा गरियो भनेर पुग्दैन । कार्य सम्पन्न गर्नेले न्याय गरियो भनेर मात्र हुँदैन, सम्बन्धितले न्याय पाएको अनुभूति समेत गरेको हुनु पर्दछ, जुन अनुभूति सरोकारवालाहरुले पटक्कै गर्न सकेका छैनन । यो आलेखको उद्देश्य त्यसतर्फ प्रकाश पार्नु होइन, अपितु गुनासोप्रतिको समर्थन र परेको मर्का उजागर मात्र गरिएको हो ।

**अन्त्यमा :**

शिक्षा सेवा नेपालको सर्वाधिक महत्वपूर्ण प्राविधिक सेवा हो । यस सेवाका कर्मचारीका लागि अध्ययन, अनुसन्धान र प्रशिक्षणको समुचित व्यवस्था हुनुपर्ने हो । तर परम्परादेखि नै अध्ययन, अनुसन्धान जस्ता प्राज्ञिक कार्यमा ‘इन्गोज’ गराई शिक्षा सेवाका कर्मचारीलाई देशको शैक्षिक उन्नतिमा निर्णायक रुपमा सहयोगी तुल्याउनेतर्फ ध्यान जान सकेन । दरबन्दीभन्दा पाँचगुणा बढी मध्यम स्तरीय जनशक्ति बिनाकामका पदमा पदस्थापन भए । समायोजनपछि यो समस्या समाधान होला भन्ने आशामा समेत तुषारापात भयो । अतः यो विषयलाई अत्यन्त गम्भीरतापूर्वक मनन गरी देशको समृद्धिको मेरुदण्डको रुपमा रहेको शिक्षा सेवाको श्रीवृद्धि र शैक्षिक क्षेत्रको उन्नयनमा यस सेवाबाट उच्चतम प्रतिफल प्राप्त गर्नमा सम्बन्धित सबैको ध्यानाकर्षण हुनेछ र यसतर्फ अर्थपूर्ण कदम चालिने छ भन्ने विश्वास छ ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

**तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।**

**मध्यान्ह राष्ट्रिय दैनिक**
इमेलः article .madhyanhadaily@gmail .com

# ‘बाँस्कोटाको राजीनामाले मात्रै पुग्दैन’

## ‘संसदमा गम्भीर छलफल गर्नुपर्ने हो’

**काठमाडौं/मस–** सेक्युरिटी प्रिन्टिङ प्रकरणमा स्वीस कम्पनीका एजेन्टसँग मोलमोलाइको विषयमा गरेको अडियो बाहिरिएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्रीबाट गोकुल बाँस्कोटाले राजीनामा दिएपछि सांसदहरुले आ-आफ्नो धारण राखेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता एवं सांसद गगन थापाले सेक्युरिटी प्रिन्टिङ प्रकरणमा प्रधानमन्त्री केपी शर्मा ओलीको संलग्नता भए नभएको पुष्टि नभएसम्म आश्वस्त हुन नसकिने बताएका छन् । संसदभवन बाहिर नेता थापाले बाँस्कोटाको राजीनामाले मात्रै नहुने उल्लेख गर्दै यो विषयमा प्रधानमन्त्रीको संलग्नता छैन भन्ने कुरा पुष्टि नहुने बेला सम्म देश आश्वस्त नुहने बताएका हुन् ।


प्रधानमन्त्रीले बिहीबार सार्वजनिक भएको अडियो एक महिना अगाडि नै सुन्नुभएको कुरा बाहिर आएको उल्लेख गर्दै थापाले भने, ‘अडियो सुनेपछि प्रधानमन्त्रीले गोकुल बाँस्कोटा एकातिर अरु सबै अर्कातिर राख्दा पनि पुग्दैन भनेर दिएको अभिव्यक्ति के हो ?’ नेता थापाले प्रधानमन्त्रीले दिएका टिप्पणीहरुका आधारमा प्रधानमन्त्रीको अभिभावकत्व, प्रधानमन्त्रीको संरक्षकत्वमा यी कुराहरु भइरहेका थिए वा प्रधानमन्त्रीलाई जानकारी थिएन भन्दै ? प्रश्न गरे ।

समाजवादी पार्टीका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराईले यस्ता गम्भीर विषयमा संसदमा छलफल गरेर टुंग्याउनुपर्नेमा त्यसो हुन नसकेको बताए । सत्तापक्षले छलफल गर्न नचाहाने र प्रतिपक्ष अल्छि भएर जे कुरामा पनि संसद अवरुद्ध गर्ने राम्रो नभएको भन्दै उनले संसदमा गम्भीर छलफल गरेर समाधान गर्नेतिर जानुपर्ने बताए । उनले सत्ता वरिपरिकै मानिसहरुले लाभ लिने गरी भ्रष्टाचार मौलाएको बताए ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलको उपनेता सुवासचन्द्र नेम्वाङले बाँस्कोटाको राजीनामा तर्फ संकेत गर्दै प्रधानमन्त्री र सत्तारुढ दलले देखाएका तदारुकता देशसामू प्रष्ट भएको प्रतिक्रिया दिए । यो भन्दा पहिलेका प्रधानमन्त्री र सरकारले यति प्रष्टताका साथ निर्णय गरेका उदाहरण कमै रहेको उनले बताए ।

पूर्व, कानून न्याय तथा संसदीय मामिला मन्त्री समेत रहेका सांसद शेरबहादुर तामाङले यस्ता कुराले नेपालको शासन प्रक्रिया र स्वरुपमा प्रश्न चिह्न खडा गरेको बताए । नेता, नेतृत्व र जननिर्वाचित व्यक्तिले जनताको मतप्रति वफादारिता देखाउनुभन्दा निर्वाचनमा लागेको खर्चप्रति बफादार हुने प्रवृति बढेको बताए । आफु मन्त्री हुँदा कमिसन कानून बनाएर कमिसनबाट उठ्ने रकमलाई राज्यको खातामा हाल्नुपर्ने कानून ल्याउन खोजेपनि सम्भव नभएको बताए । फेरी पनि सरकारले कमिसन कानून लिएर आउनुपर्ने माग उनको थियो ।





सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचनाप्रविधिमन्त्री गोकुल बास्कोटाले एजेन्टसँग कमिसनका विषयमा मोलमोलाइ गरेको अडियो सार्वजनिक भएपनि पदबाट राजीनामा दिएका छन् । उनले आफुमाथि प्रश्न उठेकाले नैतिकताका आधारमा राजीनामा दिएको बताएका छन् ।

# न्यायालय जनताको अन्तिम आशाको केन्द्र : प्रधानन्यायाधीश

**काठमाडौं/मस–** प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले न्यायको अनुभूति गर्ने आशाको केन्द्रबिन्दु न्यायपालिका भएको बताएका छन् । सर्वोच्च अदालत बार एसोसिएसनको ४७ औं स्थापना दिवसका अवसरमा बिहीबार आयोजित कार्यक्रममा उनले भने, ‘न्यायपालिकाको सुधार र परिमार्जन गर्न तथा यसको गरिमालाई उच्च राख्न सम्बन्धीत सबै पक्ष सक्रियताका साथ लाग्नुपर्दछ ।’

प्रधानन्यायाधीश जबराले आफूले नेतृत्व गरेको संस्थालाई बुद्धिले भ्याएसम्म स्वतन्त्र, सक्षम र सुदृढ बनाउन लागिपरेको बताए । नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष तथा वरिष्ठ अधिवक्ता विश्वकान्त मैनालीले आचारसंहिताको पालना कडाईका साथ गर्न न्यायाधीश र कानून व्यवसायीलाई आग्रह गरे । ‘समाज फौजदारीकरण हुँदैछ, कानून व्यवसायी पेशामा इमान्दार भएर बस्नुस्,’ उनले भने, ‘न्यायालय जनताको अन्तिम आशाको केन्द्र हो ।’

नेपाल बार एसोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले कानून व्यवसायीको आचरणले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै न्याय सम्पादनमा सहयोग पुऱ्याउनका लागि पारदर्शी ढङ्गबाट न्यायपालिकाको इज्जत राख्नुपर्नेमा जोड दिए । कार्यक्रममा सर्वोच्च बारका संस्थापक अध्यक्ष स्व वरिष्ठ अधिवक्ताद्वय कुसुम श्रेष्ठ र वासुदेव ढुङ्गानाले न्याय क्षेत्रमा पुऱ्याएको योगदानलाई स्मरणसमेत गरिएको थियो ।

# नयाँ बानेश्वर चोकमा आकाशेपुलको निर्माण अघि बढ्यो



**काठमाडौं/रासस–** काठमाडौंको बढी पैदलयात्रुले सडक पार गर्ने चोकमध्येको एक नयाँ बानेश्वर चोकमा आकाशे पुल निर्माण चाँडै सम्पन्न हुने भएको छ । सो पुलको डिजाइनमै समय बढी लागेको डिभिजन सडक कार्यालय काठमाडौंका प्रमुख कुबेर नेपालीले बताए । पुल निर्माणको अवधि गत पुसमा सकिएको छ । अहिले नियमित रुपमा निर्माण भइरहेकाले केही समयपछि सम्पन्न हुने उनले बताए । उनले भने, ‘बाँकी रहेको काम पनि अहिले नियमित रुपमा अघि बढेको छ ।’

डिभिजन सडक कार्यालय काठमाडौंले गत चैतमा आठ महिनामा आकाशेपुल सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो । ठेक्का सम्झौता भइसक्दा पनि सडकमा रहेका खानेपानीको पाइप, विद्युत्को पोललगायतका संरचना हटाउन नसकिएका कारण निर्माण शुरु गर्न केही ढिलाइ हुन गएको थियो । अहिले ती सबै संरचना हटाइ सकिएकाले नियमित रुपमा काम भइरहेको हो ।

यस स्थानमा महानगरपालिकाको आकाशेपुल निर्माणको योजना नभएकाले कार्यालयले अघि बढाएको थियो । संघीय सरकारले निर्माण गरेका सडकमा सकेसम्म आफैंले आकाशेपुल निर्माण गर्ने प्रमुख नेपालीले बताए । सडक विभागले काठमाडौं चक्रपथ सुधार योजनाअन्तर्गत कोटेश्वर-कलंकी सडकखण्डमा पनि छ स्थानमा आकाशेपुल निर्माण गरिरहेको छ ।

कार्यालयले भने नयाँ बानेश्वर र कोटेश्वर गरी दुई स्थानमा आकाशे पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो । कोटेश्वर चोकमा पनि आकाशेपुल निर्माणको प्रक्रियाअघि बढेपनि वडा कार्यालयले स्थान परिवर्तनको माग गरेपछि अघि बढ्न सकेको छैन । काठमाडौं महानगरपालिकाले माइतीघर, टेकुलगायतका स्थानमा आकाशेपुल निर्माण गर्ने भनेको छ । माइतीघरमा पुल निर्माणको अवधि गत मङ्सिरमा सकिएपनि सम्पन्न भएको छैन ।


**कतारमा रोजगार** | कम्पनी : **AL JAZEERA FOR PLASTIC AND PAPER INDUSTRIES** शहर : **QATAR**

पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५०४७० LT. No.: 231516 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | स. काममा दक्ष | 900 | २८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ६७१/०६३/०६४

**Dream & Guide System Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Tel.: 01-4356478, 4355307, Fax : 01-4386871
Email: dreamguidesystem@gmail.com, website: www.dreamandguide.com



**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **GUILIN BUILDING CONTRACTING LLC** शहरः **DUBAI**

पूर्व स्वीकृत मितिः २०७६/१०/१२ चलानी नं.: ६०१५०५६७ LT. No.: 231890 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer Assistant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 1 | 0 | | 1200 | ३७,२९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १३८/०६७/०६८
टोखा-१०, मनोहर स्कुलको अपोजीट, लक्ष्मी आवास क्षेत्र, काठमाडौं, नेपाल, फोन: ४३८३०८०, मो.: ९८५१०००२६८ (बरुन)



**कतारमा रोजगारको अवसर** | १. कम्पनी : **AL-JOUF GENERAL SERVICES CO** शहर : **DOHA**

पूर्व स्वीकृत मितिः २०७६/११/०८ चलानी नं.: ६०१५२११० L.T. No.: 232929

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward | 0 | 5 | स. काममा दक्ष | 900 | २८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : **BAIT ALKARAM FOR HOSPITALITY & CLEANING** शहर : **DOHA**

पूर्व स्वीकृत मितिः २०७६/११/०८ चलानी नं.: ६०१५२१०९ L.T. No.: 232928

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen. Clean. Worker | 0 | 15 | स. काममा दक्ष | 900 | २८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : **PISTACH AND MORE** शहर : **DOHA**

पूर्व स्वीकृत मितिः २०७६/११/०८ चलानी नं.: ६०१५२११२ L.T. No.: 233382

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 0 | 4 | सम्बन्धित काममा दक्ष | 900 | २८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 0 | 1 | | 1300 | ४०,७७५ | | | | | | | |
| 3. | Packing Worker | 0 | 1 | | 900 | २८,२१५ | | | | | | | |

४. कम्पनी : **PISTACH AND MORE FOR SWEETS AND FLOWERS** शहर : **DOHA**

पूर्व स्वीकृत मितिः २०७६/११/०८ चलानी नं.: ६०१५२११३ L.T. No.: 233384

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labouer | 0 | 2 | सम्बन्धित काममा दक्ष | 900 | २८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour Services | 0 | 1 | | 900 | २८,२१५ | | | | | | | |
| 3. | Packing Worker | 0 | 1 | | 900 | २८,२१५ | | | | | | | |
| 4. | Gen. Clean. Worker | 0 | 2 | | 900 | २८,२१५ | | | | | | | |

५. कम्पनी : **INTERCARE** शहर : **DOHA**

पूर्व स्वीकृत मितिः २०७६/११/०८ चलानी नं.: ६०१५२१११ L.T. No.: 233381

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 1700 | ५३,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Kalopul, Kathmandu, Nepal, Tel.: 01- 4412370, 4412377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np



**STUDY IN CYPRUS**
American College
Seminar & spot Admission
By Mr. Tasos Anastasiou
**Director of Admissions**
- IELTS/TOEFL Not Required
- Gap Accepted
- Free Processing
- Easy Documentation
- High Visa Success rate
- Part time job and internship Available
- Credit transfer to UK, USA, Australia, Canada
- No Visa Interview

Date & time: 23rd Feb 2020, Sunday 11am
Venue: **KITE CONSULTANCY PVT. LTD.** Bagbazar, Kathmandu.
(Opp. to P.K. Campus), Contact : 9801149635 / 01-4230679
email : info.kiteconsultancy16@gmail.com, Chitwan: 9801149636
Chabahil Branch : 01-4599429, 9801149638
Limited Seats



**ROMANIA मा रोजगार** | कम्पनीः **ASIA RECRUITING ADVISORS SRL** शहरः **ROMANIA**

पूर्व स्वीकृत मितिः २०७६/११/०६ चलानी नं.: ६०१५१९७५ LT. No.: 232008

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters/waitress | 10 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ६२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 10 | 0 | | 650 | ७४,२१० | | | | | | | |
| 3. | Factory Workers | 10 | 0 | | 550 | ६२,७९५ | | | | | | | |
| 4. | Cook Helper | 30 | 0 | | 550 | ६२,७९५ | | | | | | | |
| 5. | Carpenter/painter | 10 | 0 | | 550 | ६२,७९५ | | | | | | | |
| 6. | Mason | 10 | 0 | | 550 | ६२,७९५ | | | | | | | |
| 7. | Cleaners | 20 | 10 | | 550 | ६२,७९५ | | | | | | | |
| 8. | General Unskilled Worker | 50 | 10 | | 550 | ६२,७९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १६ (28 Feb. 2020) गते हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
दोस्रो तल्ला, ई-ब्लक, काठमाडौं विजनेस पार्क टेकु, काठमाडौं
फोन नं. ४१०४५९७, ४१०४५७४
श्रम इजाजत पत्र नं.: ७४२/०६४/०६५



**यूएईमा रोजगारको अवसर** | कम्पनी : **FIRST SECURITY GROUP LLC** शहर : **UAE**

पूर्व स्वीकृत मितिः २०७६/१०/२१ चलानी नं.: ६०१५११३१ LT. No.: 230880

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 20 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/general | 100 | 25 | | 800 | २४,८६५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय धुम्बाराही, काठमाडौंमा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वेदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Baba Human Resource Management Pvt. Ltd.**
Govt. Lic. No. 1367/074/075 प्रगति टोल, धुम्बाराही-४, काठमाडौं, फोन : ४४४००९३, ४४४००९४, ४४४००९५, ४४४००८२
E-mail : babahrmgt@gmail.com



**मलेसियामा रोजगार** | कम्पनी : **PROZAS SECURITY (M) SDN BHD** शहरः **MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७६/११/०७ चलानी नं.: ६०१५२०९१ LT. No.: 233444

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६ देखि २९ गतेसम्म (28 Feb. to 12 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७२/०६५/०६६
पुल्चोक, ललितपुर, फोन: ५००९१०८, ५५५००६१, मो.: 9851053495, 9851152210
Email:-gorkhahrs779@gmail.com



**कतारमा रोजगार** | कम्पनीः **IDENTITY CREATIVE DESIGN AND CONTRACTING** शहरः **QATAR**

पूर्व स्वीकृत मितिः २०७६/११/०८ चलानी नं.: ६०१५२१२५ L.T. No.: 233543

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ५३,२९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६, १७ र १८ गते (28, 29 Feb. & 1 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075 Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851149287
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

## अनियमितता गर्नेमाथि कारवाही अघि बढाउन निर्देशन

# 'अनुदान रकमको नियमन नहुँदा विकृति बढ्यो'



**काठमाडौं/मस–** प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले आर्थिक अनियमितता गर्ने रेडक्रस पदाधिकारीमाथि कानूनी कारवाही अघि बढाउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ । नेपाल रेडक्रम सोसाइटीका पदाधिकारीले आर्थिक अनियमितता गरेको भनी परेको उजुरीका सम्बन्धमा भएको छलफलपछि समितिले गृह मन्त्रालयलाई बिहीबार उक्त निर्देशन दिएको हो ।

समितिले मुलुक संघीय संरचनामा गएको परिवर्तित समयमा सोही संरचनाबमोजिम सोसाईटीको गठन, सञ्चालन, निर्देशन र नियमनका लागि अन्तर्राष्ट्रिय मूल्य-मान्यता, संघीय लोकतान्त्रिक गणतन्त्रको भावनाअनुरुप कानून निर्माण गरी नीतिगत रुपमै सम्बोधन गर्ने व्यवस्थ मिलाउन गृह मन्त्रालयलाई भनेको छ। उक्त संस्था सञ्चालन, नियमन र निर्देशनमा कानूनको अभाव र नीतिगत स्पष्टता जरुरी रहेको समितिको निष्कर्ष छ ।

रेडत्रक्रसमा कार्यरत पदाधिकारीले वैदेशिक आर्थिक सहयोगको अनियमितता र दुरुपयोग गरेको, भवन निर्माणको रकम र भूकम्पका बेला आएको अनुदान दुरुपयोग गरेको भन्दै समितिमा उजुरी परेको थियो। उक्त उजुरीमाथि छलफल गर्न समितिले बिहीबार गृहमन्त्री रामबहादुर थापा र गृहसचिव महेश्वर न्यौपानेलाई बोलाएको थियो ।

सो अवसरमा गृहमन्त्री थापाले रेडक्रस अनियमितताको विषयमा मन्त्रालयले आवश्यक कानूनी प्रक्रिया अघि बढाएको जानकारी गराए । गृहमन्त्री थापाले नेपालमा सञ्चालित सामाजिक संस्थामा आएको अनुदान रकमको नियमन नहुँदा विकृति बढेको बताएका छन् । गृहमन्त्री थापाले नेपालमा दर्ता भएका सामाजिक संस्थाले वार्षिक रु ५० अर्ब बढी विदेशी पूँजी भित्र्याउने गरे पनि उक्त रकमको उचित नियमन नहुँदा मुलुकको विकास, समृद्धि र सुधारमा असर पुगिरहेको जिकिर गरे ।

'सामाजिक संस्थामार्फत आएको पैसा विकास र समृद्धिमा परिचालन भएको छैन, कतिपय बेला राजनीतिक हस्तक्षेपमा उक्त पूँजी परिचालन भएको देखिएको छ, अब नियमन गर्नुपर्छ, त्यसतर्फ मन्त्रालयको ध्यान गएको छ,' बिहीबारको राज्य व्यवस्था तथा सुशासन समितिमा सांसदहरुले उठाएको जिज्ञासामा मन्त्री थापाले भने ।

विगतमा कारवाही प्रक्रिया अघि बढाउँदै संस्थाका पदाधिकारी परिवर्तन भए पनि सर्वोच्चको आदेशमा पुनःवहाली भएका छन् । समितिका सभापति शशी श्रेष्ठले परेको उजुरीका विषयमा अध्ययन गर्न गठित उपसमितिले समेत सुक्ष्म रुपमा अध्ययन गरेको जानकारी दिँदै यो विषय अत्यन्त गम्भीर रहेको बताइन् । अन्य देशमा सम्बन्धित मुलुकको कानून अनुसार सोसाईटी सञ्चालन भएको तर संस्था दर्ता ऐन २०३४ अनुसार गठन भएको नेपाल रेडक्रस सोसाईटी भने कानून अनुसार नचलेको समितिले ठहर गरेको उनले बताइन् ।

समितिका सदस्यहरु अनुगमनमा जाने क्रममा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानूनको अभावमा उक्त मुद्दा अघि बढाउन नसक्ने बताएको थियो । सभापति श्रेष्ठले रेडक्रसले सरकारको निर्देशनलाई समेत वेवास्ता गर्ने गरेको पाइएको बताइन् । 'रेडक्रसमा कार्यरत पदाधिकारीले आर्थिक अनियमिता, भ्रष्टाचार र किर्ते गरेको भन्ने उजुरीउपर आवश्यक अनुसन्धान र छानविन गर्न तथा वर्तमान कानून बमोजिम कसरी कानूनी दायरामा ल्याउन सकिन्छ ? आवश्यक कारवाही अघि बढाएर समितिमा जानकारी गराउनका लागि गृह मन्त्रालयलाई समितिले निर्देश गर्दछ,' समितिका सभापति श्रेष्ठले निर्णय सुनाउँदै भनिन् ।

समितिको अध्ययन उपसमितिका सदस्य सांसद् रेखा शर्माले रेडक्रससँग सम्बन्धित पाँच वटा उजुरीमा अध्ययन गरिएको जानकारी दिइन् । उनका अनुसार अनुगमनमा सार्वजनिक खरिद ऐनको कार्यान्वयन नभएको, संस्था सिण्डिकेटमा चलेको, विधान संसोधनमा जिल्ला प्रशासन कार्यालयबाट आदेश भए पनि पालना नगरेको पाइएको छ ।

समितिका सदस्य पूर्वमन्त्री लालबाबु पण्डितले नेपालको कानून बाहिर गएर कुनै संस्थाले गतिविधि गर्न नपाउने उल्लेख गर्दै अटेर गर्ने संस्था बन्द गर्नुपर्नेमा जोड दिए । अर्का सदस्य पम्फा भूषालले रेडक्रसको मुद्दा अर्को बालुवाटार काण्डजस्तै रहेको भन्दै गृह मन्त्रालयस्तरीय निर्णय लिएर कारबाही अघि बढाउन माग गरिन् । समितिका सदस्य विजय सुब्बाले रेडक्रसले अहिलेसम्म विदेशबाट आएको अनुदान रकम सरकारी ढोकाबाट नल्याएको जिकिर गर्दै भक्तपुर गोदाम घर निर्माणदेखि ब्लड बैंक बनाउने विषयमासमेत आर्थिक अनियमितता भएको दावी गरे ।

समितिका सदस्य देवेन्द्रराज पाण्डेले संस्थाभन्दा पनि अनियमितता गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याउनुपर्ने बताए । समिति सदस्य डिला संग्रौलाले र मिना पाण्डेले अनियमितताको आशंका उठेपछि निराकरण गर्नुपर्नेमा जोडदिँदै सत्यतथ्य छानवीन जरुरी रहेको औंल्याइन् । उनले रेडक्रसले गरेको योगदानलाई पनि भुल्न हुँदैन भनिन् । अनियमितताको विषय बल्झिएपछि रेडक्रसको अधिवेशन समेत स्थगन हुँदै आएको छ ।

# दोलखाको भीमेश्वर मन्दिरमा पसिना !



**दोलखा/मस–** दोलखाको प्राचीन, ऐतिहासिक मन्दिर भीमेश्वर मन्दिरमा पसिना आएको छ । बिहीबार बिहान ६:४५ बजेबाट मन्दिरको शिलामा पसिना आएको मन्दिरका मुख्य पुजारी काशीनारायण श्रेष्ठले बताए । उनका अनुसार बिहीबार बिहान ६:४५ बजे शिलामा पसिना आएको र ८:२५ बजे रोकिएको थियो ।

बिहीबार मन्दिरको शिलामा दायाँ तथा बायाँतर्फ पसिना आएको स्थानीय शान्तकृष्ण श्रेष्ठले बताए । दोलखामा पसिना आएमा अनिष्ट हुन्छ भन्ने परम्परा रहेको उनले बताए । भीमसेनलाई पसिना आएमा राष्ट्रपतिले क्षमा पूजा गर्नुपर्ने चलन छ । क्षमापूजाका लागि पसिना आएको कपास काठमाडौं राष्ट्रपति कार्यालय पठाउने लागेको उनले बताए ।

मन्दिरका शिलामा पसिना देखिएकाले पूजाआजा गरिँदै गरिएको स्थानीय शिवजी प्रधानले बताए । भीमेश्वरको चट्टान (शिला) को विभिन्न भागमा पानीको थोपा निस्कँदै झर्ने क्रमलाई 'पसिना'आएको विश्वास गरिन्छ । प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्मासहित टोली बिहीबार बिहान ७:०० बजे मन्दिरस्थल पुगेका थिए ।

सकारात्मक वा नकारात्मक परिवर्तन, अनिष्टका घटनाको पूर्वसूचकको रूपमा लिइने भीमेश्वरमा पसिना आउँदा भक्तजन भेला भएर घण्टी बजाउने, धुपबत्ती गर्ने र मन्दिरका मुख्य व्यक्तिले पंखाले हम्कने गर्छन् ।


## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी: M.I.A. ARABIA COMPANY शहर: KSA

पुर्व स्वीकृत मिति: २०७६/११/०८ चलानी नं.: ६०१५२१२६ LT. No.: 233546

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३०,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.

श्रम इजाजत नं. ०५४/०५१/०५२

महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३

फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com


## छोराछोरीको शिक्षामा जोड दिऔं : नेता नेपाल



**रौतहट/मस–** पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले राज्यले बृहत्तर ढंगले दीर्घकालीन सोचका साथ पूर्वाधार विकास योजनाका कामलाई अगाडि बढाउनुपर्ने बताएका छन् । रौतहटको बौद्धीमाई नगरपालिका-८ सरमुजवामा निर्माण हुन लागेको दलित सामुदायिक भवनको बिहीबार शिलान्याश गर्दै उनले जिल्लाको समग्र विकासका लागि आफूले सहकार्य गर्ने बताए ।

वरिष्ठ नेता नेपालले जिल्लामा अहिले पनि जकडिएर रहेका बालविवाह र दाइजोप्रथालाई त्यागेर छोराछोरीको शिक्षामा जोड दिन आग्रह गरे । 'छोराछोरीलाई कम्तीमा बीएसम्म पढाउनुस्,' उनले भने, 'दाइजोको रुपमा अरूको सम्पत्तिमा लोभ नगरौं ।'

वरिष्ठ नेता नेपालले अरूको सम्पत्तिमा लोभ गर्नुको साटो आफ्नो छोराछोरीलाई उचित शिक्षा दिएर जिम्मेवार नागरिक बनाउन आग्रह गर्दै प्राथमिक शिक्षा हासिल गरिसकेका किशोरकिशोरीलाई प्राविधिक शिक्षा दिनुपर्नेमा जोड दिए । प्राविधिक शिक्षा हासिल गर्न जिल्लामा प्राविधिक शिक्षालय स्थापनाका लागि आफूले पहल गर्ने पनि उनले बताए ।

वरिष्ठ नेता नेपालले जिल्लाको उत्तर-दक्षिण जोडने तीन वटा मुख्य सडकहरुको स्तरोन्नति गर्दै ४ देखी ६ लेनसम्म बनाउन सरकारले योजना ल्याएको उल्लेख गर्दै निकट भविष्यमै मेची-महाकली रेल मार्ग निर्माण भई रेल सञ्चालन हुने विश्वास व्यक्त गरे ।

नेकपाका जिल्ला नेता अशोक जयसवालले बाढीले भत्काएको लालबकैया र वाग्मती नदीको बाँधलाई अविलम्ब पुनःनिर्माणका लागि पहल गर्न नेता नेपालसँग आग्रह गरे । 'गत वर्षजस्तै यसवर्ष पनि रौतहट जिल्ला डुब्ने सम्भावना बढेको छ,' उनले भने, 'डुब्न लागेको जिल्लालाई बचाउनु पऱ्यो ।'

करिब रु ४० लाखको लागतमा निर्माण हुन लागेको दलित सामुदायिक भवन समाजका लागि अति महत्वपूर्ण हुन्छ । यसले विवाह ब्रतबन्ध, सभा सेमिनार, जन्ती राख्न, बैठक बस्न समाजका लागि अति उपयोगी हुने विश्वास गरिएको छ । आयोजक बौद्धीमाई नगरपालिका-८ का वडाध्यक्ष उपेन्द्र दासको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

### महिला साइकल दौडमा कञ्चन प्रथम

यस्तै राजदेवी मिडिया सेन्टरद्वारा गौरमा आयोजित आठौं महिला साइकल दौड प्रतियोगितामा गौर- ५ की कञ्चनकुमारी कोइरी पहिलो, राजदेवी-६ की रविना साह दोस्रो र गौर-६ की अञ्चलकुमारी साह तेस्रो भइन् । उनीहरुले क्रमशः रु ५० हजार, ३० हजार र रु २० हजार नगद पुरस्कार प्राप्त गरे । कार्यक्रममा सहभागि सबै २७ महिलाले एक एक थान साइकल प्राप्त गरेका छन् । नेकपाका वरिष्ठ नेता नेपालले उनीहरुलाई पुरस्कार तथा साइकल वितरण गरेका थिए ।


## मलेसियामा रोजगार

कम्पनी: WENG HUP SOLE MATERIAL SUPPLIER शहर: JALAN

पूर्व स्वीकृत मिति: २०७६/११/०८ चलानी नं.: ६०१५२१२३ LT. No.: 233634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा फागुन १६ गते (27 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

